# लक्ष्मी



अनुवादक

चक्रमान शाक्य

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

(नेपाली भाषामा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित
६. बुद्ध शासनको इतिहास (भाग १)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी ( प्र. सं. )
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपठ्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग-२)
१७. बौद्ध दर्पण
१८. महासतिपठ्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको रहस्य
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कथा संग्रह (प्र.सं.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. पारत्तसुत्त ( पालि भाषा )
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता'
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग-१)
४३. मिलिन्द प्रश्न (भाग-२)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४७. बुद्ध पूजा विधि र कथा संग्रह ( द्वि. सं.)
४८. बौद्ध विश्वास (भाग-३)
४९. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
५०. लक्ष्मी (द्वि. सं.)
५१. सम्यक शिक्षा
५२. परित्राण ( द्वि. सं. )
५३. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५४. बुद्ध पुजा विधि, कथा संग्रह र परित्राण
५५. बुद्ध पुजा विधि र परित्राण
५६. बुद पुजा विधि
५७. लक्ष्मी (तृ. सं.)

Dharmakirti Publication
(English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. " Dharmakirti in Nut shell "

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# लक्ष्मी

★

लेखिका

**धम्मवती अनगारिका**

Dhamma.Digital

★

अनुवादक

**चक्रमान शाक्य**

Downloaded from http://dhamma.digital

प्रकाशक:-

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार, श्रीघ:, नघल टोल

काठमाडौं ।

फोन :- २५९४६६

तृतीय संस्करण :- २००० प्रति

बुद्ध सम्वत्   २५४३

नेपाल सम्वत्   १११९

विक्रम सम्वत् : २०५६

इस्वी सम्वत्   १९९९

कम्प्यूटर सेटिङ्ग : भरत कृष्ण महर्जन

मुद्रक :

**नील सरस्वती छापाखाना**

लाजिम्पाट, काठमाडौं

फोन : ४३३०५४

Downloaded from http://dhamma.digital



ज्ञानमान बनिया

जन्म : १९८० मृत्यु : २०४६ आश्विन १० गते

चिनिकुमारी बनिया

जन्म : १९८१, मृत्यु : २०५५ भाद्र १८ गते

Downloaded from http://dhamma.digital

# धर्मदान

हाम्रा पूज्य बुबा ज्ञानमान बनिया वि.सं १९८० श्रावण ३१ गतेका दिन जन्मनु भएको थियो। उहाँले आफ्नो अध्ययनलाई बीचमा नै छोडेर मरू ध्याको पसल (वैद्य औषधी पसल) खोल्नु भई आफ्नो सेवा कार्य थाल्नु भएको थियो। आफ्नो पेशा प्रति इमान्दार, कर्मठ, मेहनती र उद्यमशील व्यक्ति उहाँले आफ्नो मृदुभाषी र मिलनसार व्यक्तित्वले लोकप्रियता कमाउनु भयो। सत्कर्म गर्नको लागि सबैलाई आग्रह गर्नुहुने उहाँले दान धर्म र समाज सेवा, (देव, देवालय गुम्बा र टोल विकास आदि) कार्यहरूमा आफुले सक्दो सहयोग पुऱ्याउँदै आउनु भएको थियो। यसरी समाजसेवा कार्य गर्नु हुँदै उहाँ वि. सं. २०४६ साल अशोज १० गते दिवंगत हुनुभयो।

यसरी नै हाम्री आमा चिनीकुमारीको जन्म वि.सं. १९८१ सालमा भएको थियो। हामी सबै छोरा छोरीलाई पवित्र स्नेह र ममता दिई हुर्काउनु भएकी आमा उहाँले बुबालाई पनि यथासक्य साथ दिनु भएको थियो।

उहाँ वि.सं २०५५ साल भाद्र १८ गते दिवंगत हुनुभयो। त्यसैले दिवंगत बुबा र आमाको पुण्य स्मृतिमा यस पुस्तक "लक्ष्मी" धर्मदान स्वरूप उहाँहरू समक्ष प्रस्तुत गर्दैछौं।

**पुण्य स्मृति कामना गर्नेहरु**

**छोराहरू**

चैत्य कृष्ण बनिया
अशोक कृष्ण बनिया
गौतम कृष्ण बनिया
आनन्द कृष्ण बनिया
रामकृष्ण बनिया
लक्ष्मण कृष्ण बनिया
राज कृष्ण बनिया

**छोरीहरू**

मिलावती (मिरा) कंसाकार
रमावती तुलाधर

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

धर्मकीर्ति विहारवाट प्रकाशित यस पुस्तक "लक्ष्मी" पहिला (लक्ष्मी द्यो)। भन्ने नामले नेपाल भाषाबाट लेखेकी थिएँ। पछि यसलाई नेपाल भाषा नबुझ्ने पाठकहरूले पनि पढ्ने इच्छा राखेको हुँदा उहाँहरूको अनुरोध अनुसार यसलाई नेपाली भाषाबाट वि. सं. २०३६ सालमा प्रकाशन गरिएको थियो। हाल यही पुस्तकलाई धेरै पाठकहरूले फेरि प्रकाशन गर्न आग्रह गरेको हुनाले यसलाई तेस्रो प्रकाशनको रूपमा तपाईहरूको सामु राख्न सकिएको हो।

दिवंगत हुनु भएका ज्ञानमान बनिया र चिनीकुमारी बनियाको पुण्य स्मृतिमा यस पुस्तिका धर्मदान गर्न पवित्र श्रद्धा व्यक्त गरी आवश्यक आर्थिक सहयोग प्रदान गर्नुहुने दाता रामकृष्ण बनिया र नलिनी बनिया हुनुहुन्छ। त्यसकारण उहाँ चन्दा दाताहरू प्रमुख उहाँका सपरिवारलाई धर्मकीर्ति विहारको तर्फबाट आयु आरोग्य कामना गर्दै हार्दिक धन्यवाद दिन्छौं।

यस पुस्तकको प्रुफ हेरी समयमै छपाई कार्य सम्पन्न गर्नु भएकोमा म नील सरस्वती छापाखाना परिवारलाई पनि धन्यवाद दिन चाहन्छु।

धम्मवती

२०५६ बैशाख

अध्यक्ष - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मन्तव्य

प्रस्तुत कथा संग्रहमा ६ जना गृहलक्ष्मीहरूको चरित्र चित्रण भएको छ । यसबाट हाम्रा दिदी बहिनीहरू लाभान्वित हुन सके शान्तिमय जीवन यापन गर्न समर्थ हुन छन् ।

जुनसुकै क्षेत्रमा (कार्य क्षेत्रमा) पनि मन मुख्य हुन्छ । मनको विकास नभैकन कुनै कुराको पनि विकास हुँदैन । मनकको विकास भन्नु चित्तको स्वच्छता दुष्कर्मदेखि अलग हुनु र सत्कर्मको रूचि हो । यसको लागि आध्यात्मिक प्रगतिको नितान्त आवश्यकता छ । यसैले अनगारिका धम्मवती गुरूमां नेपाली महिलाहरूको आध्यात्मिक उन्नति जसको अभावमा पारिवारिक जीवनमा शान्तिको वातावरण पनि सम्भव छैन, चाहनु हुन्छ । यसै उद्देश्यले यो पुस्तकको जन्म भएको हो । यसको अतिरिक्त समाज सुधारको निमित्त जति पनि कष्ट उहाँबाट उठाइएका छन् ती सबको लागि अन्तस्करणबाट साधुकारको मूल फुट्छ ।

भाषान्तरमा कतै कतै राम्रो वाक्यको पनि यथावत् अनुवादले अभिव्यक्ति अरोचक तथा अप्रिय हुँदो रहेछ ।

Downloaded from http://dhamma.digital

यसबाट वचन ठाउँ हेरिकन कहीं कहीं भावानुवाद भएको छ । यस्तो नभएमा फोटोग्राफरले झैं दुरुष्ट चित्र उतार्न मुस्किल पर्छ । यी अनुभव अनुवादकहरूलाई हुन्छ होला ।

-अनुवादक

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भूमिका

लक्ष्मी यो पुस्तकको नाम हो । पुस्तक आद्योपान्त हेरि सक्नु भएपछि किताबको शिर्षक सार्थक भएको पाउनु हुन्छ । तापनि यही यस विषयमा प्रकाश पारेको खण्डमा पाठकको उत्सुकता मेटिने भएकोले भूमिका केही लम्ब्याएको छु ।

हाम्रो देशमा (नेपालमा) देवताहरू धेरै छन् । हाम्रो जनसंख्या भन्दा पनि देवताहरूको संख्या धेरै छ । तेंतीस कोटी देवता छन् भन्ने त किंवदन्ति नै छ । जनै पिच्छे विभाजन गर्ने हो भने एकजना नेपालीको भागमा तेंतीस देवता पर्न आउँछ । यी देवताहरूको भक्ति कसरी गर्ने ? के गरेमा यी देवताहरूले हाम्रा घरमा बास गर्लान् । यो कुरा ज्ञानले देख्न सके निकै लाभदायक होला । बिना ज्ञानको भक्ति अन्ध भक्ति हुन सक्छ, जसको फलस्वरूप " घो भक्ति मन कपटी " भन्ने उखान चरितार्थ हुन आउँछ । ज्ञानको प्रकाशले मनको अन्धकार नष्ट गरेर भक्ति गरेमा मात्र ज्ञान भक्ति मन शुद्धि हुन्छ । जबसम्म मानिसमा दया, माया, मैत्री, करूणाको अभाव भइरहन्छ समाजमा मत्स्यनीति (बलियोले निर्धोलाई दबाउने प्रथा) रहिरहन्छ, तिम्रो हाम्रो भन्ने पक्षपातपूर्ण व्यवहार भइरहन्छ । घो भक्ति मन कपटी भै देवताहरूको आड भरोसामा रहने संस्कार रहिरहन्छ कुनै घरमा, गाउँमा, टोलमा देशमा शान्ति हुँदैन । जसले कल्याणकारी धर्मज्ञान बोध गराउँछ, त्याग र उपकारको शिक्षा दिन्छ त्यही हाम्रो सर्वश्रेष्ठ



Downloaded from http://dhamma.digital

देवता हुन् । उनबाट पाएको शिक्षा आफ्नो व्यवहारमा प्रयोग गरी लाभान्वित हुनु हाम्रो धर्म हो । यस्तो भए मात्र घर घरमा सुख शान्तिको वातावरण पैदा भई हाम्रो अधिराज्य देववासित, धर्म भाषित हुन्छ । यो तेंतीसकोटी देवताहरूको पूजा गर्ने विधि हो । यी देवताहरू मध्येका दुइ देवता, जोसंग प्रत्येक गृहस्थीको घनिष्ट सम्बन्ध छ, ती लक्ष्मी र कुलदेवता हुन् ।

आफ्ना केटाकेटीहरूलाई राम्रो शिक्षा दिएर सच्चरित्र र कर्तव्यपरायण बनाउनको साथ घर गृहस्थीमा आइपर्ने समस्याहरूको शान्तिपूर्ण ढंगले समाधान गर्ने क्षमता प्रदान गर्नु नै कुलदेवता र लक्ष्मीको पुजा गर्नु हो । आजको लडका भोलिको कुलदीपक र आजको लडकी भोलिको गृहलक्ष्मी हुन् । तिनीहरू सुशिक्षित, कार्य कुशल, कर्तव्यपरायण भए मात्र कुलको गौरव बढ्नुको साथै घरमा श्री वृद्धि हुन्छ । गृहनायक हुन सक्छ । घरकी गृहणी पनि सुभाषिनी ( मीठो बोलीबचन भएकी ) कर्तव्यपरायण ( मान्यजनलाई मान मर्यादा राख्ने, आफूभन्दा मुनिकालाई स्नेहपूर्ण व्यवहार गर्ने नोकर चाकरलाई दया गर्ने, अतिथिहरूलाई दर्जा अनुसार सेवा गर्ने, ईर्ष्या र अहंकारले रहित भएर घर छिमेकीहरूसंग मैत्रीभाव गर्ने ) भएन भने घरकी लक्ष्मी नभैकन गृह विनाश कारिणी हुन सक्छ । यतातिर ध्यान नदिकन वा यो नबुझिकन ढुकुटीमा लक्ष्मीको छापा टाँसेर धुमधामसंग पूजा गर्नु अन्ध भक्ति सिवाय अरू के हुन सक्ला !

जुन घरमा स्त्री र पुरूष दुवै असल ( सदाचारी, संयमी र कर्तव्यपरायण ) हुन्छ, इमान्दारपूर्वक ( कुनै किसिमको पाप कर्म नगरिकन) धन कमाउँछ । ठाउँ हेरिकन आवश्यकतानुसार खर्च

( *लक्ष्मी ख* )

Downloaded from http://dhamma.digital

गर्छ, सत्कर्ममा मन दिन्छ, छोरा र छोरीमा भेदभाव नगरिकन समान शिक्षा दिन्छ भने पूजा नगरे पनि लक्ष्मी र कुलदेवता तिनीहरूदेखि खुसी हुन्छन्, रमाईलो मानेर तिनीहरूको घरमा बास गर्छन्। परिवारका प्रत्येक सदस्य (घरका सबै जहान) सच्चरित्र र प्रसन्न चित्तका भएका घर शान्तिको साम्राज्य हुन्छ । सबैको अनुहार उज्यालो हुन्छ। अनुहार हँसिलो हुन्छ । घरको सम्वृद्धिको लागि मिलजुल भएर सबै उद्यमी हुन्छन् । कलह र झगडाको जरै उखेलिएर घरमा सधै शुभ मङ्गलको वर्षा भइरन्छ ।

पहिले पहिले स्त्री जातिलाई शिक्षाको आवश्यकता छैन भनिन्थ्यो । स्त्री शिक्षाको चलन आएको धेरै वर्ष भएको छैन । त्यसैले महिलाहरू जति अघि बढ्नुपर्ने हो, बढ्नु सकेको छैन । राम्रोसंग विचार गरी हेरेमा स्त्री जाति नै पहिले शिक्षित हुनपर्ने देखिन आउंछ । किनभने संसारको साँचो स्त्री जातिकै हातमा छ भने पनि हुन्छ । बाल बालिकाहरू हुर्कने पनि स्त्री जातिकै छायाँमा हो । आमा ज्ञानी गुणी र शिक्षित भएमा तिनका सन्तान पनि सज्जन हुनुको साथै सरलतापूर्वक शिक्षित हुन्छन्, उच्च शिक्षा प्राप्त गर्छन् । यसबाट स्पष्ट हुन्छ कि स्त्री शिक्षामा जति तीव्र गति हुन्छ उति शान्तिमय समाजको सृजनामा शीघ्रता आउंछ । साथै कला र शिल्प विद्या पनि हामीलाई अनिवार्य छ ।

हाम्रो देशमा स्त्री शिक्षाको प्रारम्भ भएको करीब ४५ वर्ष जति भयो होला । अहिले अधिराज्यभरि सह-शिक्षा (Co-education) भइरहेको छ । तर शिक्षाको प्रयोजन मात्र जागीर खानलाई सम्झिएको छ । यसैले शिक्षित समाजको रूपरेखा जस्तो हुनुपर्ने हो त्यस्तो हुन सकेको छैन भन्दा



Downloaded from http://dhamma.digital

अत्युक्ति हुँदैन कि जस्तो लाग्छ । विद्यालयमा गएर पढ्नु जाँचमा पास हुनु, प्रमाण पत्र लिनु मात्र शिक्षा सम्भन्छन् । शिक्षित भए अनुसार ज्ञानी भएर कर्तव्यपरायण हुनुपर्छ भनी सम्भने धेरै कम मात्रामा होलान् । यसैले होला धेरै पढे लेखेकी बुहारी घमण्डी हुन्छे , अहंकारी हुन्छे, घरायसी काममा सघाउ पुऱ्याउँदैन उल्टो उनैलाई चाकरी गर्नुपर्छ भन्ने गुनासो सुनिएको । मेरो विचारमा त शिक्षित मात्र भएर पुग्दैन, शिक्षित भए अनुसार परस्पर प्रसन्न चित्तले रहनु, बिना कुनै प्रकारको पाप कर्मले धन कमाउनु कमाएको धनको सदुपयोग र सुरक्षा गर्नुको साथै कलह रहित जीवन बिताउन गृहस्थीहरूलाई आवश्यक कर्तव्य नियम सबै सिकेर सबैजना रिभिने व्यवहार पनि गर्न सक्नु पर्छ । छोरा र छोरीमा भेद नगरी दुवैलाई समान शिक्षा दिएर सच्चरित्र बनाउन सके छोरा भएन छोरी जन्मियो, छोरी भएन छोरा जन्मियो भने चिन्ता गर्नुपर्ने स्थिति आउँदैन ।

आईमाईले पढेर के काम रण्डि हुन्छ, बोक्सी हुन्छ भन्ने चलन भएकोले पढ्न ईच्छा हुनेहरू पनि स्कूलमा जान लाज मान्छन् । छोरीले पढ्न चाहे पनि नपढाउने बाबु आमाहरूको संख्या कम थिएन । यही संस्कार तथा अन्धविश्वासले गर्दा आजसम्म पनि स्त्री जाती अघि बढेको मन नपर्नेहरू छन् । त्यसैले जुन कामको निम्ति पुरूषलाई प्रशंसा गर्छन् त्यही काम स्त्री जातीले गरेकी भए नाक खुम्च्याएर ईर्ष्यालु भई संकुचित दृष्टिले हेरिन्छन् । भनिन्छ पनि " आइमाई भएर पनि त्यस्तो काम गर्ने ? " स्त्री जाती अघि बढेको देख्दा नाना तरहले टीका टिप्पणी गर्नेहरू भए पनि महिलाहरूलाई अघि बढाउन चाहने सज्जनहरू पनि छन्, नभएको होइन । अधिराज्यभर सह-शिक्षा



Downloaded from http://dhamma.digital

(co-education) लागु गरेर महिलावर्गलाई पुरूष सरह कार्य क्षेत्रमा डट्ने क्षमता प्रदान गर्ने श्री ५ को सरकारको उद्देश्य पनि छ । यो सब भएर पनि एउटा गजबको कुरा के छ भने स्त्री जाति प्रगतिशील होला, बढ्ला भन्ने डरले उन्नतिशील नारीत्वलाई थिचिराख्न चाहने खुद नारीहरू नै छन् ।

ग्रन्थको अध्ययन गर्दा थाहा हुन्छ कि असल र खराब दुवै पक्षमा छन् । पाप धर्मको अगाडि स्त्री र पुरूषमा भेद छैन, जस्तो कि अग्निको अगाडि पोल्नु अग्निको गुण हो । स्त्री र पुरूष दुवैलाई यसले आफ्नो गुण जनाउँछ (पोल्छ ) पाप र धर्मको गुण पनि यस्तै हो । न त पुरूषले गरेको पाप पाप् भनिंदैन न त स्त्रीले गरेको धर्म धर्म भनिदैन । निर्वाण (मोक्ष) को द्वार पुरूष जातिको लागि मात्र होइन स्त्री जातिको लागि पनि खुल्ला छ । केवल धैर्यशील प्रयत्नको आवश्यकता छ निर्वाण प्राप्तिको लागि । " आइमाईले पनि यस्तो धर्म गर्ने ? " भनेर टीका ठिप्पणी गर्नु , अनेक कुरा काटुनु अपरिपक्वताको परिचय सिवाय अरू के भनुं । मेरो विचारमा त :-

(१) स्त्री ठूलो कि पुरूष ठूलो ?

(२) धर्म गर्नेहरूले मासु खान हुन्छ कि हुँदैन ?

(३) पुनर्जन्म छ कि छैन ?

यस्तो तर्क गर्नु गाग्री भित्रको थोरै पानी छचल्किए झैं मात्र हो । हाम्रो यहाँ अज्ञानी तथा अशिक्षितहरूको संख्या कम छैन । स्त्री जातिलाई दबाउने संस्कार रहिरहेको पनि यसै कारणले होला । यो समानताको युग हो र हामीले समयलाई चिन्नु परेको छ अहिले ब्यूँझने समय भयो । यो स्त्री यो पुरूष भनेर



Downloaded from http://dhamma.digital

पक्षपात गर्नु बुद्धिमानी होइन । विद्वान्‌हरूको के भनाई छ तलको श्लोकबाट थाहा हुन्छ ।

न सो सब्बेसु ठानेसु पण्डितो होति पुरिसो
इत्थीपि पण्डितो होति तत्थतत्थविचक्खणाति

अर्थ - जुनसुकै स्थानमा पनि पुरूषमात्र विद्वान पण्डित हुँदैन । कतै कतै स्त्री पनि विद्वान हुन्छ ।

यसैले पढ्न सकेमा बुद्धिमती हुन सकेमा स्त्री पनि विद्वान र पण्डित हुन्छ । छोरा छोरीलाई राम्रो शिक्षा दिनैपर्छ । केवल कलम घुमाउनु मात्र शिक्षा होइन । व्यवसाय सिक्नु बोल्ने तरिका सिक्नु विहारमा गएर धर्म भन्ने के हो ? बुझ्नु सत्संगत गर्नु, छलफल गर्नु यी सबै सुखमय जीवनको लागि प्रयत्न हो, शिक्षा हो ।

" मेरो जीवन छँदैमा एउटा पुस्तक निकाल्नु पर्‍यो । " क्षेत्रपाटी बस्ने बूढी बज्यै रत्नदेवी मानन्धरले हर्ष र उल्लासले बराबर भन्नु हुन्थ्यो । म अस्वस्थ भएर कतै कथा भन्न जान नसकेको बखतमा उहाँकै अनुरोधले लेखेको यो कथा संग्रह हो । सच्चरित्र, गुण वती नारीहरूको कथा संग्रह भएकोले यस पुस्तकलाई "लक्ष्मी" भनी नामकरण गरे । मेरो विचारमा घरबार राम्रो हुनलाई घरकी गृहणी राम्रो हुनुपर्छ । यहाँ राम्रोको अर्थ असल हो । यसैले असल नारीहरूको चरित्र चित्रण यस पुस्तकमा भएको छ ।

१) यो एउटी स्त्रीले आफ्नो गरीब लोग्नेलाई धनी तुल्याएको कथा हो । यो जिनत्थपकासिनी भन्ने बर्मी भाषाको पुस्तकबाट लिएको बुद्धकालीन घटना हो । यसको सारांश हो घरको दरिद्रता हटाउनलाई लोग्ने र स्वास्नी दुवैको इलम हुनुपर्छ ।

*( लक्ष्मी च )*

Downloaded from http://dhamma.digital

२) यो एउटा महिलाले आफ्नो रक्सीबाज लोग्नेको रक्सी खाने आदत छुट्याएको कथा हो । यो कथाले भन्छ कि स्वास्नी असल भए लोग्ने र केटा केटी असल हुन्छ । बालक बालिकाहरूको पहिलो साथी आमा-बाबु, त्यसपछि गुरू, विवाह भैसकेपछि स्वास्नी पनि लोग्नेको सच्चा साथी हो ।

३) तेस्रो कथामा एउटा नारीले आफ्नो लोग्नेको रोग निको पारेको वर्णन छ । यो कथा बुद्धकालीन महिलामा पनि छ । तर मैंले यो कथा बर्मी भाषाको पुस्कतबाट लिएको छु । यसमा बुद्धकालीन एउटा आदर्श घटनाको वर्णन छ । तिमीलाई औषधि गर्न यति खर्च लाग्यो, उति खर्च लाग्यो भनेर बिरामीको चित्त दुख्ने, रोगीलाई पीर पर्ने कुरा गर्नु हुन्दैन । बिरामीलाई त्यस्तो कुरा सुनायो भने धन खर्च गरेर उपचार गरेको खेर जान सक्छ । बिरामीसंग उनको मन हलुको हुने कुरा गर्नुपर्छ । पूजा, पाठ गराएर, कथा सुनाएर बिरामीको पीर हटाउने प्रयास गर्नुपर्छ इत्यादि यो कथाको शिक्षा हो । नकुलमाताले आफ्नो पतिको रोग निवारण गरेको ज्यादै अनुकरणीय छ ।

Dhamma.Digital

४) एउटी महिलाले घरको कलह शान्त गरेको यो चौथो कहानी हो । परिवारमा एक दुइ जना स्वार्थी तथा लुच्चा भयो भने घर कलह हुन्छ भन्ने निर्विवाद छ । यो कथामा यो कुरा दर्शाइएको हो । घर कलह नहुनलाई घरका सबै जहान परिवार कर्तव्य पालन गर्ने हुनुपर्छ । त्यसले गर्ला, उसले गर्ला भनेर कामको बोझ अर्काको थाप्लोमा लाद्ने नियम गर्नु हुँदैन भने यो कहानीको उपदेश हो ।

५) पतिव्रत धर्मको प्रभावले मृत शरीरमा फेरि जीवन संचार भएको यो जातक कथा हो । यो कथाले भनिरहेको



Downloaded from http://dhamma.digital

छ कि पति पत्नी हुनु दाम्पत्य सुख आनन्दको लागि मात्र होइन दुःखमा सहभागी हुनुलाई पनि हो । सत्य धर्ममा रहनु पर्छ ।

६) एउटी महिलाको मैत्री बलले कुमन्त्र पनि सुमन्त्रमा परिणत भएको यो पनि जातक कथा हो तापनि यो मैले बर्मी पुस्तकबाट लिएको हुं । आफ्नो कर्तव्य पालन गरेर मन शुद्ध गरि रहे आफूलाई नसहनेहरूले कुमन्त्र गरे पनि छुन सक्दैन । मन शुद्ध भएमा अर्कालाई बोक्सी भनेर कुमन्त्र देखेर डराउनु पर्ने अवस्था आउँदैन । दोष दिइरहन नपर्ने हुन्छ । मन शुद्ध गर्न सक्नु पर्छ । मैत्री चित्त बलियो हुनु पर्छ । मैत्री बल कुमन्त्र भन्दा उच्च र मजबूत छ भने यो कथाको सन्देश हो ।

२०५६ — धम्मवती

*( लक्ष्मी ज)*

Downloaded from http://dhamma.digital

# स्त्रीले गर्दा गरीब धनी भएको

मग्रधराज्यको राजधानी राजगृह थियो । भगवान बुद्धको समयमा महाराज बिम्बिसार त्यहाँ राज्य गर्दथे । त्यहाँ जोतिक, जतिल जस्ता अनेक धनवान महाजनहरू हुनुको साथै अत्यन्त दयनीय गरीबहरूको संख्या पनि कम थिएन । यो दीन हीन गरीबहरू मध्ये काकोन नाम गरेको ब्राह्मणको एक परिवार पनि थियो । तिनीहरू राजगृहमा बस्दथे । पूंजीको अभावले गर्दा तिनीहरूले केही इलम गर्न सकेका थिएन । वनमा गएर दाउरा ल्याउनु बजारमा बेच्नु, त्यसबाट आएको आम्दानी नै तिनीहरूको जीविकाको साधन थियो । काकोन ब्राह्मण खाली पेटले वनमा जान्थे, दाउरा ल्याउँथे र त्यो दाउरा बेचेर खाने सामान किनेर घर आउँथे, त्यो आम्दानीले एकैछाक मात्र टर्थ्यो । ब्राह्मण बजारबाट नआउञ्जेल ब्राह्मणी भोकै बसिरहनु पर्थ्यो । एकदिन ब्राह्मणीले विचार गरिन्- लोग्नेले दाउरा बेचेको पैसाले ऊ नआउञ्जेल भोकै बसेर दिनको एकछाक मात्र खाइरहनु पर्छ । केही चीज खान मनलागे पनि लोग्नेलाई कुर्नु पर्ने । लोग्नेको भरमा मात्र बसेर भएन । आफूले पनि यताउति केही काम



Downloaded from http://dhamma.digital

खोज्नु पऱ्यो । तिनताक त्यहाँ स्वास्नीमानिसले गर्न सकिने काम पनि उस्तो थिएन । घाँस काट्ने, भाँडा माझ्ने, धान कुट्ने, स्वास्नी मानिसले गर्ने काम तिमात्र थियो । ब्राह्मणीले धान कुटेको ठाउँमा काम गर्ने जाने गरिन् । ज्यालाको रूपमा कनिकाहरू पाउँदथिन् । अलिकति कनिका हुनासाथ ब्राह्मणीले सोचिन्- लोग्नेको कमाइले बेलुकाको छाक टर्दछ । मेरो कमाइ यो कनिकाको बिहान क्वाँटी पकाएर खाउँ। ब्राह्मणीले बिहान क्वाँटी पकाउने गरिन्, ब्राह्मणलाई ख्वाउँथिन् अनि आफू खान्थिन् । यसरी स्वास्नीको अलिकति कनिका आम्दानी भएकोले काकोन ब्राह्मणलाई खाली पेटले वन जान परेन ।

भगवान बुद्धको समयमा शील सत्यमा बलवान् भिक्षुहरू धेरै थिए । महान् शक्ति सम्पन्न भिक्षुहरू हरहमेशा दु:खी दरिद्रहरुको उद्धार गर्नमा तत्पर थिए । करूणा (समापत्ति) ज्ञानले पूर्ण भएका अरहन्त भिक्षुहरू बराबर जंगलमा जान्थे र निरोध समापत्ति भावना गर्थे । किनभने सात दिनसम्म विशुद्ध पवित्र भएर निरोध समापत्तिमा रही समाधिबाट उठेर कुनै गरीबको हातबाट केही चीज दान लिंदा त्यो गरीबाई विपुल सम्पत्ति लाभ हुन्थ्यो । यसैकारण गरीब उद्धार गर्ने उद्देश्यले सारीपुत्र महास्थविर भन्ते निरोध समापत्तिमा बस्नुभयो । सात दिनपछि समाधिबाट उठेर महास्थविर भन्तेले दु:खको खोजी गर्नु हुँदा काकोन ब्राह्मणको स्त्री पुरूषलाई देख्नु भयो । सारीपुत्र महास्थविर भन्ते भिक्षापात्र लिएर तिनीहरूकै दैलो अगाडि उभिनु भयो ।



Downloaded from http://dhamma.digital

काकौन ब्राह्मणी कानिकाको क्वाँटी पकाइ रहेको थिइन्। क्वाँटी पकाइसके पछि लोग्नेलाई र आफूलाई दुइवटा कचौरामा क्वाँटी भाग लगाइरहँदा सारीपुत्र महास्थविरलाई हातमा भिक्षापत्र लिएर दैलो अगाडी उभिरहनु भएको देखिन्। ब्राह्णीले विचार गरिन् -धन जम्मा गरेर सुखी बन्ने उद्देश्यले धेरै मिहेनत गर्‍यौं। तर हाम्रो परिश्रम भाग्यको पात्रमा नपरेको हाम्रो सारा प्रयत्न बालुवामा खन्याएको पानी झैं गायब भइरहेछ। भाग्य भन्नु आफूले गरेको पर उपकार र दान पुण्यको फल ही आज म पनि आफ्नो पसिनाले कमाएको कनिकाको क्वाँटी कहाँ पवित्र, शीलवान श्रमणलाई दान गर्छु। यसको फल हाम्रो भाग्य बनेर यही जन्ममा हामीलाई प्राप्त हुन्छ। अनि हाम्रो बुद्धि र परिश्रम सफल होला। यति विचार गरेर काकोन ब्राह्मणीले क्वाँटी दान गर्न आफ्नो लोग्नेसंग सोधिन्। ब्राह्मण भन्दछ, " यो क्वाँटी तिम्रो परिश्रमको कमाई हो। जे मन लाग्छ गर। असल काम गर्न चाहेकी तिमीलाई म सहर्ष समर्थन गर्छु।"

पतिको स्वीकृति पाएपछि ब्राह्मणीले सारीपुत्र भन्तेको अगाडि उभिएर भनिन्। "करुणावान् भन्ते ! हाम्रो अभाग्य नाश भएर भाग्यको उदय होस् भन्ने कामना गरेर म दुःखीले आफ्नो गच्छेनुसार दिएको यो कनिकाको क्वाँटी कृपापूर्वक ग्रहण गरिदिनुहोस्।" यति भनेर ब्राह्मणीले कनिकाको क्वाँटी महास्थविरको भिक्षापात्रमा



Downloaded from http://dhamma.digital

खन्याइदिइन् । आशीर्वाद दिएर सारीपुत्र महास्थविर त्यहाँबाट जानुभयो ।

त्यसपछि काकोन ब्राह्मण दाउराको लागि वनमा गयो । ब्राह्मणीले स्वगत कुरा गरिन्, "मैले भाग्यको बिउ रोपिसकें मेरो भाग्योदय कताबाट हुन्छ । कसरी मैले आफ्नो बुद्धि र परिश्रमले काम लिन सकुँला ।" यस्तै कल्पनाले तिनको दिन बित्यो । लोग्नेले दाउरा बेचेर ल्याएको खानु सामान पकाएर खानपिन गरी निन्द्रा नपरूञ्जेल तिनले भाग्यको आशा गरिरहिन् ।

त्यही दिन सबेरै जागा हुनासाथ बिम्बिसार महाराजको मनमा यस्तो कुरा खेल्यो- "मेरो शासनले जनहित भयो कि भएन । मैले ऐनकानून बनाएको जनहितको लागि हो । तर जनतालाई मर्का परेको छ कि ! मेरो अगाडि सबै कुरा ठीक छ महाराज ! सबै ठाउँमा शान्ति छ महाराज ! भन्छन् । ठीक छैन भन्न सक्ने कोही छैन र राजभक्ति देखाई टोपलेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहनेहरू पनि कम छैन । खुद आफैले भेष बदली साधारण मानिस बनेर देशका कुना काप्चा सम्म घुमेर हेर्नु पर्‍यो ।"

यस्तो विचार गरेर महाराज बिम्बिसार बिहान सबेरै भेष बदलेर देवस्थलमा, पसलमा, दोबाटोमा, जहाँ जहाँ मानिसहरुको जमघट हुन्थ्यो, त्यहाँ घुम्दै मुर्दा जलाउने मसानघाटमा पुगे ।



Downloaded from http://dhamma.digital

तिनताक मगधराज्यमा साधारण चोरलाई हातखुट्टामा किला ठोकी एकदिन एकरात (२४ घण्टा) उभ्याई राखेर भोलिपल्ट मात्रै मार्ने कानून थियो । डाकू अथवा ज्यानमारा भएमा चाकबाट सुइरो रोपेर टाउकोबाट छिचोली माछा उने झैं गरेर २४ घण्टा कठोर सजाँय दिई भोलिपल्ट मार्ने चलन थियो ।

भेष बदलेर राज्यको कुना काप्चासम्म निरीक्षण गर्दै हिंडेका महाराज बिम्बिसारले मसानघाटमा पुग्दा चारैवटा हात खुट्टामा किला ठोकेर सजाँय दिइराखेको चोरलाई देखे । चोरले भोगिरहेको यातना देखेर राजाको मन पग्ल्यो । दया र करूणाले प्लावित राजाको हृदय छिया छिया भयो । चोरको नजिक गएर राजाले भने, "हे पुरुष । तँलाई चोर भनेर सजाँय दिइराखिसक्यो । भोलि तँ मरिने छस् । तेरो केही इच्छा भए भन । म पुऱ्याइदिनेछु ।"

चोरले विचार गऱ्यो- यो कुनै दयावान महाजन हुन सक्छ । त्यसले भन्यो, "हे दयावान मानव । मलाई चोर भनेर समातेर ल्याएदेखि मैले केहीखान पाएको छैन । पेटमा भोकको आगो दन्किरहेछ । म त अवश्य मर्ने भैसकें । तापनि मर्नुभन्दा अघि एकछाक मीठो भात र एक लोटा चिसो पानी खान मन लागिरहेछ । कृपा गरेर यो इच्छा पुऱ्याइदिनुहोस् ।



Downloaded from http://dhamma.digital

"हुन्छ, तेरो इच्छा पुऱ्याइदिन्छु ।" यति भनेर भेष बदलेका राजा त्यहाँबाट फर्के। दरबारमा पुगेर राजा राजै भए। राजकाजमा भुलेर चोरलाई कबुल गरेको कुरा बिर्से। दिनभरि राज्य शासनको काममा व्यस्त रहे र रात पऱ्यो। मन्त्रीहरू घर गए। राजालाई फुर्सद भयो। भान्सेले खाजा टक्र्याउन ल्यायो। त्यो देख्नासाथ राजाले चोरलाई प्रतिज्ञा गरेको कुरा सम्झे। खान भनी बसेको ठाउँबाट उठेर राजाले भने, "यो भात मसानघाटमा सजाँय भोगिरहेको चोर लाई लगिदेऊ।" तर राजाको यो आदेश पालन गर्ने क्षमता कसैसंग भएन। किनभने राजगृह नगरको चारैचिर अग्ला अग्ला पर्खालहरू थिए। बेलुका ६ बजे नगरको ढोका बन्द हुन्थ्यो। जनसंख्या थोरै थियो। अमनुष्यहरू धेरै थिए। रात परेपछि सतर्क भएर अमनुष्यहरूबाट सुरक्षित हुनुपर्थ्यो। नत्र राक्षसहरूबाट आपत्ति लाग्थ्यो। यसै कारणले राजाको आज्ञा मान्न कोही तयार भएन।

यो कुरा अहिलेको जमानामा विश्वास गर्न गाह्रो पर्ला र। अहिले जनसंख्या बढेर परिवार नियोजन गर्नु पर्ने अवस्था आइसक्यो। मानिसहरू धेरै भएर राक्षसहरू भागिसके। देवताहरूको पूजा गर्नुको सट्टा देवताहरू चोरेर विदेशमा बेच्ने भएकोले देवताहरू पनि अब मानिसहरूदेखि डराउने भैसक्यो।

अमनुष्यहरूको डरले बेलुका ६ बजे नगरको ढोका बन्द हुन्छ। रातमा मसानघाटमा गएर कुन चाहिं सुखी मानिसले चोरलाई



Downloaded from http://dhamma.digital

भात खुवाउन जान अघि सर्ला ! मर्नु परे पनि मर्ला भन्ने त गरीबै न हो ? यसैले राजाले विचार गरे, धनको लोभ देखाउनु पऱ्यो। यो उपाय सुझेपछि राजाले झ्यालि पिटाउन लगाए - आज बेलुका मसानघाटमा सजाँय भोगिरहेको चोरलाई जसले भात खुवाउन जान्छ, उसलाई एक हजार कार्षापण (रुपैयाँ) पुरस्कार मिल्नेछ।

"महास्थविर सारीपुत्र भन्तेलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिका क्वाँटी दान गरेर आज बिहान रोपेको भाग्यको बीउ कहिले टुसाउला र फल्ला।" काकोंन ब्राह्मणी स्त्री मनमनै यो भनिरहेकी थिइन्। राजाको घोषणा सुनेर तिनले भनिन् " मेरो भाग्यको बिजांकुर अब देखिन लाग्यो। मिहेनत र बुद्धिले काम लिने बेला आयो।" काकोंन ब्राह्मणीले दगुर्दै गएर झ्यालि पिट्न आएको मानिसलाई भनिन् " यो काम म गर्ने भएँ। अब झ्यालि पिट्न पर्दैन। मेरो पतिसँग सोधी तुरून्तै म यहाँ आउनेछु।" यति भनेर काकोंन ब्राह्मणी हतपत घरमा गइन् र पतिलाई भनिन्, " हामीले आज बिहान रोपेको भाग्यको बिउ टुसायो। अब चाँडै नै फल फल्नेछ।"

"कसरी ?"

"सुन्नुभएन तपाईले, झ्यालि पिट्न आएको ? झुण्ड्याएर मार्न लागेको चोरलाई जसले भात ख्वाउन जान्छ उसलाई राजाले एकहजार कार्षापण बक्सिन्छ। म चोरलाई भात ख्वाएर आउँछु। वचन दिनुहोस्।"



Downloaded from http://dhamma.digital

"पर्दैन अहिले रात परिसक्यो । यो अँध्यारो रात ! नगर बाहिर डर लाग्दा अमनुष्यहरूको भय छ । तिमी निस्के पछि नगरको ढोका बन्द हुन्छ । राक्षसले तिमीलाई खान्छ । फर्किन सक्नेछैनौ ।"

"खाँदैन स्वामी ! मलाई राक्षले खाँदैन । यसमा मेरो दृढ विश्वास छ । अघि जस्तो मेरो मन कमजोर छैन । मनमा आत्मविश्वास छ । अब म अभागिनी होइन । शुद्ध मनले शुद्ध श्रमणलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिकाको क्वाँटी दान दिएको यो कदापि खेर जाँदैन । भाग्य रूपी फल प्राप्त गर्न मात्र मिहेनत र परिश्रमको आवश्यकता छ । अब म मर्ने छैन । मलाई राक्षले छुन पनि सक्ने छैन ।"

"के तिमी भाग्यको आशाले मर्न जाने ? प्रशन्न चित्तले हँसिलो भएर परस्पर मुख हेरिरहन पाए पुग्छ । धनको लोभले ज्यान फाल्ने काम नगर । मिठो नमिठो जे उब्जिन्छ, आफ्नो परिश्रमले त्यसमा सन्तुष्ट भएर दिनको एक छाक मात्र खाएर भए पनि मिलीजुल भइरहनु पनि भाग्य हो ।"

"आफ्नो अवस्था सुधार्नलाई उत्साह र आत्मविश्वास चाहिन्छ । फलामलाई नष्ट गर्ने फलामैबाट निस्केको खियाले हो । त्यस्तै मानिसको भाग्य विनाश गर्ने पनि मानिसकै मनको आलस्यले हो । म मर्न जाने होइन । मलाई नरोक्नु होस् ।" यति भनी ब्राह्मणी सरासर राजाकहाँ गइन् ।



Downloaded from http://dhamma.digital

राजदरवारमा पुगेर ब्राह्मणीले विन्ती गरीन्, "महाराज, म मसानघातमा सजाँय भोगिरहेको चोरलाई भात ख्वाउन जान्छु । तर मैले भनेको थालमा भात राखेर लान पाउँ ।"

राजाले हर्षपूर्वक भने, "हुन्छ, भात ख्वाउन जान्छु मात्र भन । तिमीले भनेको थालमा राखेर पठाइदिन्छु । भन, तिमीलाई कस्तो थाल चाहिंयो ?"

राजाले ब्राह्मणीको माग पूरा गरिदिए । रत्नजडित सुनको थालमा भात राखेर एकलोटा चीसो पानी पनि लिएर ब्राह्मणी मसानघाटतिर लागिन् । मसानघाट जाँदा एउटा ताडको रूखको जङ्गल पार गर्नुपर्थ्यो । त्यो जङ्गलमा दीघताल भन्ने एउटा भयंकर राक्षस बस्थ्यो । आहारा खोज्न भनी निस्केको त्यो राक्षसले ब्राह्मणीलाई देख्यो । राक्षस खुशी भयो, "आहा ! मेरो कस्तो भाग्य आज ! कति राम्रो साइतमा निस्केछु । थालभरी भात र एकजना मानिस पनि । भातको साथै मानिसको तातो रगत र मासु पनि खान पाउने भयो ।"

"यक्षदाजु ! तपाईलाई थाहै छ होला, विचार नगरिकन ङ्वाट्ट कुनै काम पनि गर्नु हुँदैन । मलाई खान उचित छ कि छैन विवेक र बुद्धिलाई साक्षी राखेर राम्रोसँग विचार गर । किनकि म आफ्नो स्वार्थको लागि यहाँ आएकी होइन । असल राजा भनेर सबैले मानिराखेको महाराज बिम्बिसारको असल कामना पूर्ण गर्नाको निमित्त मसानघाटमा दण्ड भोगिरहेको मानिसलाई भात ख्वाउन भनी आएकी



Downloaded from http://dhamma.digital

हुँ। एक छाक मीठो भात खाएर मर्छु भनी आशा गरिरहेको त्यो दण्डभोगि व्यक्तिको आशा पूर्ण गर्न आफनो ज्यानको माया मारेर म आइरहेकी छु। यसैले मलाई खान योग्य छैन।"

"तँलाई राजाले पठाएको हो भन्ने के प्रमाण छ?" राक्षसले गर्जेर भन्यो।

"यस्तो रत्नजडित सुनको थाल म जस्तो गरीबको हुन्छ र? यसबाट बुझ्नुहोस् म आफ्नो खुसीले आएकी हुँ वा राजाको आज्ञाले।"

राक्षस मौन भयो। उसले आफूलाई भन्यो-" हो बा, यिनी त न्याय परायण दयावान राजाको आज्ञाले आएकी हुन्। यिनलाई खानु हुँदैन र राक्षसको मनमा सत्य धर्मको चेतना आयो। राक्षस भए पनि त्यो अमनुष्यसंग बुद्धि र विवेक थियो। दु:खको कुरा! मानिसहरूमै बरू विवेक र बुद्धि हराउँदै छ। राक्षसले ब्राह्मणीलाई भन्यो- "मैयाँ तिमीले मेरो पनि एउटा काम गरिदेऊ, हुन्छ?"

"तपाईले मलाई दया गर्नु भयो। तपाईको काम गर्नु पनि त मेरो कर्तव्य हो।"

"सुन, मसानघाटदेखि केही पर एउटा ठूलो इमलीको रूख छ। त्यसमा एउटा वृक्ष देवता छ। उनकी छोरी मेरी पत्नी हुन्। तिनबाट भर्खरै एउटा छोरो जन्म्यो। त्यो देवतालाई यो समाचार भनिदिनू।"



Downloaded from http://dhamma.digital

"हुन्छ, मैले खुसीसाथ भनिदिन्छु ।"

ब्राह्मणी मसानघाटतिर गइन् । सजाँय भोगिरहेको चोरको पेटमा भुखाग्नि दन्किरहेको थियो । हातखुट्टामा किला थोकिराखेकाले त्यो चल्न सक्दैनथ्यो । ब्राह्मणीले महाराज बिम्बिसारको भोजन, त्यो भात एकएक गाँस गरेर चोरको मुखमा राखिदिइन् । चोरलाई देवभोजन मअृत खाएजस्तो भयो । चोरले भातको स्वाद लिंदै ब्राह्मणीलाई धन्यवाद दिंदै गऱ्यो । भात ख्वाइसकेपछि ब्राह्मणीले पानी खान दिइन् । त्यसपछि इमलीको रूखमा गएर देवतालाई राक्षसको समाचार भनिन्, "हे वृक्षदेवता ! ताड वृक्षको जङ्गलमा बस्ने यक्षको समाचार लिएर म आएकी छु । खुसी हुनुहोस् । भर्खर तपाईकी छोरीले पुत्र पैदा गरिन् ।"

नाति जन्मेको समाचार सुनेर वृक्षदेवता अति खुसी भयो । साँवाको भन्दा ब्याजको माया भनेजस्तै वृक्षदेवतालाई छोरीको भन्दा नातिको माया लाग्यो । यस्तो हुनु प्रकृतिको स्वभावै रहेछ । महाराज शुद्धोदनलाई पनि जेठो छोरो सिद्धार्थ र कान्छो छोरो नन्दकुमार प्रवजित हुँदा त्यति दु:ख लागेन जति राहुलकुमार प्रवजित हुँदा दु:खको अनुभव भयो । महाराज शुद्धोदनले यस्तो भन्नु भएको थियो । छोराछोरीको माया रगत मांस पार गरेर हाडसम्म पुग्छ । तर नातिको माया हड्डी छिचोलेर हाड भित्रको तत्व (Marrow) सम्म पुग्दछ । वृक्षदेवतालाई पनि यस्तै भयो । वृक्षदेवताको खुसीको सीमाना



Downloaded from http://dhamma.digital

रहेन । खुसीको समाचार सुनाउन आएकी ब्राह्मणीलाई के देउँ, के देउँ भयो । आपतकालको लागि भनेर त्यो जङ्गलमा साहु महाजनहरूले सातवटा सुवर्णघट गाडिराखेको रहेछ । ती महाजनहरू मरिसके । ती सुनका गाग्रीहरू बेवारिस भएर त्यसै परिरहेका रहेछन् । यो सम्झेर देवताले ब्राह्मणीलाई भने, "मैयाँ ! तिमीले नाति जन्मेको समाचार सुनायौ । तिमीलाई एउटा पुरस्कार दिन्छु । यहाँ जङ्गलमा सातवटा सुनका गाग्रीहरू छन् । भोलि यहाँ आएर खनेर लैजानू । " देवताले ठाउँ देखाइदिए ।

" हवस् । भनेर ब्राह्मणी त्यहाँबाट फर्किन् । बाटोमा त्यही राक्षससंग भेट भयो । राक्षसले सोध्यो - "मैले भनेको समाचार पुऱ्याइदियौ ?"

"पुऱ्याइदिएँ ।" ब्राह्मणीले भनिन्, "देवता अति खुसी हुनुभयो । पुरस्कार स्वरूप मलाई सातवटा सुनका गाग्रीहर पनि दिनुभयो ।"

यो सुनेर राक्षसले मनमनै भन्यो, "काम अह्राएको मैले, ज्याला दिनुभयो ससुराले । समाचार सुन्नेले त ज्याला दिई पठायो भने म काम अह्राउनेले केही नदिनु त .....?" राक्षसले पनि ज्याला दिने मनसुवा गऱ्यो । त्यहाँ जङ्गलमा पनि अघिअघिका महाजनहरूले गाडिराखेको बेवारिस धन रहेछ । त्यही धन दिने विचार गरेर राक्षसले भन्यो, म पनि तिमीलाई गाडिराखेको बेवारिस धन दिन्छु ।



Downloaded from http://dhamma.digital

भिकेर लैजानू ।" यति भनी राक्षसले धन गाडिराखेको ठाउँ देखाइदियो ।

ब्राह्मणी सरासर राजकहाँ गइन् । राजाको सन्मुख उभिएर बिन्ति गरिन् - "महाराज ! सरकारको आज्ञाअनुसार भोको छट्पटि रहेको चोरलाई भात ख्वाएर आइसकें ।" राजाले खुसी भएर तिनलाई एकहजार कार्षापण (रूपियाँ) दिए । ब्राह्मणीले फेरि बिन्ती गरिन्- "महाराज ! म दु:खीलाई एकहजार कार्षापण बक्सेकोले धेरै खुसी छु । एक थोक अर्को पनि बिन्ती चढाउने इच्छा छ ।" राजाबाट हुकम भयो, "के इच्छा छ, भन ।" ब्राह्मणीले देवता र राक्षसले ज्याला दिएको धन लिन जानलाई बलिया बलिया २०, २५ जना मानिसहरू र खन्ने सामानहरू मागिन् । राजाले तिनको माग पूरा गरिदिए ।

धन ल्याइसकेपछि ब्राह्मणीले फेरि राजाकहाँ गएर बिन्ती गरिन्- "महाराज ! धन धेरै छ । राख्ने ठाउँ भएन । घर बनाउन एक टुक्रा जमीन पाउँ ।"

एकजना नि:सन्तान महाजनको घरको भग्नावशेष थियो । त्यसको कोही वारेस नभएकोले त्यो भग्नावशेष सिस्नुघारी भइरहेको थियो । त्यो घडेरिमा घर बनाउनु भनी राजबाट हुकुम भयो ।

ब्राह्मणीले त्यहाँ राम्रो घर बनाउने उद्देश्यले जग खन्न लगाउँदा त्यहाँ पनि गाडिराखेको धन फेला पऱ्यो । ब्राह्मणीलाई



Downloaded from http://dhamma.digital

ढुङ्गा खोजदा देउटा मिलको जस्तो भयो । दीनहीन गरिब भएकोले अघाएर मिल्काउने केही चीज थिएन । यसैले कागसम्म पनि तिनीहरूको घरमा जाँदैनथ्यो । यसै कारणले मानिसहरू तिनीहरूलाई काकोन भन्थे । "काकोन" यो पाली शब्द हो । यसको अर्थ हो काग सम्म पनि जाँदैन । अहिले महाजन पदवी लिइसकेपछि पनि तिनीहरूले आफ्नो अगाडिको नाम लोप गरेन । उही काकोन नामले प्रसिद्ध महाजन बने ।

शुद्ध मनले धर्म गऱ्यो भने नभएको भाग्य पनि भएर आउँछ भन्ने काकोन ब्राह्मण दम्पतिले आफ्नै अनुभवले जाने । त्यसैले त्यो महाजनले गरीब दु:खीहरूको यथासक्य उपकार गरे, सहायता गरे । शुद्ध मनले दान धर्म गरे । उनीहरू मरेर गए । तापनि तिनीहरूको नाम रहिरहेको छ ।

सत्पात्रमा दान दिएर उत्साहपूर्वक काम गरेमा भाग्योदय हुन्छ भन्ने यो कथा को कथन हामीले बुझ्नु परेको छ ।



Downloaded from http://dhamma.digital

# रक्सीबाज लोग्ने सुधिएको स्वास्नीले गर्दा

[ स्वार्थ नभएको व्यक्ति शायदै होला । बहुसंख्यामा आफ्नो निजी स्वार्थको लागि अनुचित काम गर्न लाज नमान्ने मानिसहरू छन्। यस्तै स्वार्थको ज्यादतिले मानिसलाई दुर्जन बनाउँछ। मानवताको हत्या हुन्छ । चारैतिर मत्स्य नीतिको बोलबाला देखिनु यसैको कारण हो। कोही मानिस आफू सुधिनुको साथै अरूलाई पनि सुधार गर्न चाहन्छन् । लाभहानी मान अपमानको पर्वाह गर्दैन । यस्तै सज्जनको चरित्र चित्रण भएको छ। - अनुवादक]

Dhamma.Digital

एकजना साहुको एउटी छोरी थिइन् । तिनलाई सुशिक्षा दिनुको साथै व्यवहारिक शिक्षा पनि दिएर तालीम गरी हुर्कायो। त्यो महाजन बुद्धधर्म मात्र मान्ने होइन कि बराबर विहारमा गएर भिक्षुहरूबाट धर्मकथाहरू पनि सुन्ने गर्दथे । महाजनको विचार थियो- आफू मात्र सुधेर पुग्दैन, अरूलाई पनि सुधार गर्न सक्नुपर्छ।



Downloaded from http://dhamma.digital

साहुकी छोरी जति राम्री थिइन्- उति हिसि पनि परेकी थिइन् । शिक्षित, राम्रो चालचलन भएकी तिनी अति नम्र स्वभावकी थिइन् । यसैले तिनलाई ठूला ठूला घरानका कुलपुत्रहरूले माग्न आउँथे । बाबुआमाको यस्तो विचार थियो - छोरीलाई धेरै धन खर्च गरेर पढायौ, तालिम गऱ्यौं, ज्ञानी तुल्यायौं । ज्ञानीलाई ज्ञानीसंग विवाह गरिदिए ज्ञानको मूल्याङ्कन हुँदैन, उज्यालो ठाउँमा बत्तीको कदर नभए झैं । बाबुआमाले कझाउन नसकेको कोही मुल्याहालाई कझाउन सकेँ मात्र छोरीको ज्ञानको मूल्य हुन्छ । छोरीलाई मुल्याहासंग विवाह गरिदिनुपर्छ ।

एकदिन साहुले तीनजना बाबुआमाले कझाउन नसकेको मुल्याहाहरु खोजेर ल्याए ।

(१) एउटा फताहा (कहिल्यै साँचो नबोल्ने)

(२) रण्डीबाज ( राम्रा राम्रा तरूनी मात्र खोजी हिंड्ने) ।

(३) एउटा रक्सीबाज (सधैं भट्टीमा गएर झल्ला भएर आउने) ।

यी तीनजना मुल्याहाहरूको अगाडि छोरीलाई बोलाएर साहुले भने, "छोरी ! तिमीलाई चाहिंदो धन खर्च गरेर शिक्षा, दिक्षा, अर्ति उपदेश दिएर शिक्षित र ज्ञानी तुल्यायौं यो हाम्रो पहिलो कर्तव्य थियो । जस्तो हामीले चाहेको थियौं, उस्तै भयो । हामीलाई खुसी



Downloaded from http://dhamma.digital

लागेको छ । अब तिमीप्रति  हामीले गर्नुपर्ने अर्को कर्तव्य छ । यो आमाबाबुले छोराछोरी प्रति गर्नुपर्ने दोस्रो कर्तव्य हो । तिमी तरूनी भयौ । तिम्रो विवाह गरिदिनुपर्छ । विवाह गरिदिएपछि लोग्नेसंग मिलजुल भएर बस्नु, सिर्फ यतिले तिमीलाई दिएराखेको शिक्षाको सार हुँदैन । बाबुआमाले कभ्फाउन नसकेको एउटा मुल्याहालाई कभ्फाउन सके मात्र तिमीले हासिल गरेको शिक्षाको महत्व हुन्छ । यो हाम्रो मनसाय हो । यी तीनजना मुल्याहाहरूमध्ये कसलाई तिमी मन पराउँछौ ? कसलाई तिम्रो कभ्फाउने आँट आउँछ ?"

फिसिक्क हाँसेर साहुकी छोरी त्यहाँबाट निस्केर आफ्नो कोठामा गइन् । साहुनीले छोरीलाई तीनजना मुल्याहाहरूको  परिचय दिइन् । महाजनकन्याले विचार गरिन्- "फताहालाई कभ्फाउन धेरै गाह्रो पर्छ । उसले कहिले पनि गरेकोलाई गरें, भन्दैन । नगरेकोलाई गरें, नभनेकोलाई भनें भन्नु  उसको आदत हो । सत्य कुरामा उसको ध्यानै जाँदैन । मानिस दुई प्रकारका हुन्छन् ।

(१) नराम्रो काम गरेकोलाई मैले नराम्रो काम गरें भन्ने ।

(२) आफूले नराम्रो काम  गरेर  पनि  मैले गरेको  छैन भन्ने । यी दुइमध्ये नराम्रो काम गरेर  पनि  गरेको छैन भन्ने वडो डरलाग्दो हुन्छ । उसको कुराको केही



Downloaded from http://dhamma.digital

ठेगान हुँदैन। यस्तो व्यक्तिलाई बेइमान व्यक्ति भन्छन्। यस्तोलाई सत्मार्गमा हिंडाउन गाह्रो हुन्छ।

"रण्डीबाजसंग सच्चा प्रेम हुँदैन। किनकि उसलाई एउटी स्वास्नी पुग्दैन।" महाजनकन्याले मनमनै भनिन्, "जतिसुकै प्रेम गरेर पनि ऊ सन्तुष्ट हुँदैन। जहिले पनि ऊ नयाँ नयाँ स्वास्नीको खोजीमा लागि रहन्छ। राम्रो कुरा गरे पनि उसले उल्टो सम्झन्छ। खँदिलो प्रेम नभएको व्यक्तिलाई सम्झाउन मुश्किल हुन्छ।"

रक्सीबाज आज रक्सी खाएर बेहोश भए पनि रक्सीको नशा छुटेपछि माया गरेर, प्रेमले बाँधेर बिस्तारै कझाउन सकिएला। यस्तो विचार गरेर महाजनकन्याले आमालाई भनिन्, "मलाई रक्सीबाजसंग विवाह गरिदिनुहोस्।"

• छोरीको कुरा सुनेर बाबुआमा दुबै खुसी भए। बाबुआमाले कझाउन नसकेको रक्सीबाजसंग छोरीको विवाह गरिदिए।

• विवाह भैसकेपछि पनि त्यो रक्सीबाजले साथीहरूसंग भट्टीमा गएर रक्सी खाने बानी छोडेन। खाएर आएपछि बाटो सबै मेरो हो भन्दै झल्ला भएर आउँथ्यो। त्यस्ती प्यारी स्वास्नी पनि बिर्सिन्थ्यो। न इज्जत, न शर्म धर्म कुनै कुराको पनि पर्वाह हुँदैनथ्यो। कहिलेकाहिं कुलोको हलोमा पनि लम्पसार परेर सुतिरहन्थ्यो। एक दुइ महिना यस्तै भइरह्यो।



Downloaded from http://dhamma.digital

एकदिन रक्सी खानुअघि होश छँदैमा दुईजना लोग्ने स्वास्नी मीठो मीठो कुरा गरेर आनन्दसंग बसिरहेका थिए। स्वास्नीले लोग्नेको स्वभाव र चाल- चलनको राम्रो अध्ययन गरिन्। तिनले खूब माया गरेर लोग्नेलाई प्रेम गरिन्। लोग्नेले पनि आफूलाई राम्रैसंग प्रेम गऱ्यो भनी स्वास्नीले बुझिन्। तर लोग्नेले रक्सी खाने बानी छोडेको होइन। रक्सीले चूर भएर आउने गर्थ्यो।

एक दिन महाजन पुत्री रक्सी लागेको लोग्नेलाई रूमाल भिजाउँदै तालुमा राख्दै सेवा गरिरहेकी थिइन्। रक्सीले छोडेपछि लोग्ने चाहिं होशमा आयो। स्वास्नी आफुसंगै बसिरहेको देख्यो। हाँस्दै स्वास्नीको हात समातेर कुरा गर्न लाग्यो। स्वास्नी चाहिं अँध्यारो मुखले बसिरहिन्। लोग्नेले भन्यो, "किन यस्तो अँध्यारो मुखले .. ?"

"कसरी उज्यालो हुन्छ, यो मुख ?"

"किन ?"

"किन भनुँ।"

"भन न, के भयो तिमीलाई ?"

"के भयो भनुँ! सबैले हेला गर्छन्।"

"किन ?"

" पढेलेखेकी, लक्ष्मी जस्ती बुहारी पऱ्यो भनेर खुसी लागेको त आफ्नो लोग्ने पनि कझाउन नसकेकी रे। साँच्चै पढेलेखेकी हो भने भट्टीमा गएर दिनहुँ झल्ला भएर आउने लोग्नेलाई कझाउन



Downloaded from http://dhamma.digital

सक्नुपर्छ। दिनहुँ यस्तो कुरा सुनेर यहाँ बसिरहन मन लागेन। तैपनि तपाईको मायाले ....।" लोग्नेको हात सुम्सुम्याउँदै सुँक्सुँक गरिन्।

लोग्नेको मन पग्ल्यो प्रेमपूर्वक स्वास्नीको हात समाउँदै सोध्यो, " तिमी के भन्छ्यौ त ?"

"मेरो विन्ती लागोस्। दिन दिनै खानुको सट्टा एकदिन बिराएर खाने गर्नुहोस्। है ? त्यसै गर्नुहोस् है अबदेखि ! अलिकति भए पनि मेरो शिर ठाडो हुन्छ। अब त अलिकति सुध्रियो भन्ला। मेरो राजा ! अबदेखि एकदिन बिराएर पिउने गर्नुहोस्। लागि सकेको बानी एकैचोटी छोड्न गाह्रो हुन्छ। अबदेखि यस्तै गर्नुहोस्। है ? है भने ? हुन्छ भन्नुहोस् न।"

स्वास्नीको मायालु बोली र करूणाजनक अनुहारले रक्सीबाज लोग्नेको मन पग्लो। घरका जहानहरूले स्वास्नीलाई हेला गरेको कुरा सुन्दा चित्त पनि दुख्यो। रक्सी खाँदै नखाउ, भट्टीमा जाँदै नजाउ भनेको पनि होइन। दिनदिनै नजानु, अचाक्लि मात्र नगर्नु भनेको स्वास्नीको कुरा मनासिव पनि देखियो। स्वास्नीले राम्रो कुरा गरेको हो भन्ने सम्भी एक- एक दिन बिराएर मात्र भट्टीमा जाने गऱ्यो। साथीहरुले बोलाउन आए पनि सन्चो छैन भनी पठाउने भयो। यसरी दुइ दिनको एकचोटि मात्र भट्टीमा जाने भएकोले साथीहरु टाढा हुँदै गयो। बिस्तार बिस्तारै तीन चार दिनमा एकपटक पनि



Downloaded from http://dhamma.digital

भट्टीमा नजाने भयो । तापनि सक्सक् लाग्ने भएकोले पिउने बानी छोड्न सकेको थिएन । रक्सी संझेर झोक्रि रहन्थ्यो । जबरजस्ति आमाको दूध छुटाएको बच्चा झैं, प्रेमीकासंग विछोड भएको प्रेमी झैं । लोग्नेको हालत देखेर महाजनपुत्रीलाई कहिले हाँसो उठ्यो, कहिले माया लाग्थ्यो । उनी भन्दथिन्, " अब त तपाईं दुइ दिनमा एकपल्ट पनि भट्टीमा जानु भएन ।"

"तिमीले नजाउ भनेकीले नगएको । साथीहरू पनि टाढा हुँदै गयो । रक्सी खान नपाएकोले बेमज्जा भइरहेको छ । सक्सक् लाग्छ ।"

"उसो भए रक्सी मैले ल्याइदिन्छु । तपाईं भट्टीमा नजानुहोस् घरमै खानुहोस् । हुँदैन ?"

"भैहाल्छ नि । नगइरहुँला भट्टीमा । घरैमा खान पाएपछि किन भट्टीमा गइरहने ?"

महाजनपुत्रीको हर्षको सीमाना रहेन । लोग्नेलाई ज्यादै सक्सक् लाग्ने बेलामा लोग्नेलाई आफैले भट्टीमा गएर रक्सी ल्याइदिने गरिन् ।

एकदिनको कुरा, भट्टीमा रक्सी लिन जाँदा स्वास्नीलाई रूँदै आएको देखेर लोग्नेलाई के जस्तो के जस्तो भयो । उनले सोध्यो, " किन रोएर आएकी ?" " खानुहोस् अनि भनुँला ।" भन्दै सिसी अगाडि राखिदिइन् ।



Downloaded from http://dhamma.digital

"एकातिर राख, यो सिसी । भन पहिले, किन रोएर आयौ तिमी ?"

"खानुहोस्न खानेकुरा, अनि भनुँला ।"
"नाइँ, कुरा नबुझिकन खान्न ।"

"भट्टीभरि हुल्याहा मुल्याहाहरू बसिरहेका रहेछन् मलाई देखेर के के भनेर गिज्याएको, कस्तो कस्तो आँखाले हेरेर । मेरो जिन्दगीमा कहिल्यै त्यस्तो भनाई सहन परेको थिएन । लोग्ने मानिसहरूले त्यस्तो भनेको त्यस्तो हेला गरेकोले मरेतुल्य हुनुपर्‍यो । लोग्नेलाई रक्सी नभैहुन्न । त्यसैले भट्टीमा रक्सी किन्न जान पर्‍यो । हुल्याहा मुल्याहाहरूले जथावा तथवा भनेको सहनु पर्‍यो भनेर रुँदै आएकी ।"

आफ्नी स्वास्नीलाई अरूहरुले हेला गरेको, कुदृष्टिले हेरेको कुरा सुन्दा लोग्नेको मनमा ठूलो चोट पर्‍यो । हो, ठीक हो । मैले गरेर नै स्वास्नीले रूँदै आउनु पर्‍यो । रक्सीले गर्दा इज्जतको बर्बाद भयो । अर्काको अपमान सहनुपर्‍यो । जिन्दगीभर म रक्सी खानेछैन भन्दै सिसी चकनाचूर पारिदियो । त्यसै दिनदेखि उनी सज्जन बने ।

सासु ससुराले मुग्धकण्ठले बुहारीको प्रशंसा गरे-"धन्य यी बुहारी ! लक्ष्मी समान छिन् यिनी ।"

यो खबर माइतीमा पनि पुग्यो । छोरीलाई पढाएको रक्सीबाजसंग विवाह गरिदिएको उद्देश्य सफल भयो भन्दै बाबुआमाले सन्तोषको



Downloaded from http://dhamma.digital

सास फेरे । तिनीहरुले भने, " विहारमा गएर भिक्षुहरुको कथा सुन्ने गरेको, भगवान बुद्धको उपदेश व्यवहारमा प्रयोग गरेको सार भयो ।"

छिमेकीहरूको मुखबाट पनि यही शब्द निस्क्यो- "धन्य त्यो साहु ! त्यत्रो महाजन भएर पनि आफ्नी छोरीलाई त्यस्तो रक्सीबाजसंग विवाह गरिदियो, दुनियाँको भनाई खाएर । धन्य ती साहुकी छोरी," त्यस्तो लोग्नेलाई पनि सज्जन बनाई छोडिन् । लक्ष्मी भन्नु त्यस्तीलाई हो । तिनी साँच्चै धर्मात्मा बाबुकी छोरी हुन् ।



Downloaded from http://dhamma.digital

# नकुल पिताको रोग निवारण
# (स्वास्नीले गर्दा)

एकदिन भगवान् बुद्ध सुंसुमारगिरि नामक नगरको नगीचै एउटा टोलमा बसिरहनु भएको थियो। भर्खरै रोगबाट छुटेको नकुलपिता नामक एक उपासक लौरो टेक्दै सकी नसकी गौतम बुद्धकहाँ गयो। वहाँ पुगेर भगवान् बुद्धलाई वन्दना गरेर एक छेउमा बस्यो।

बुद्धले सोध्नुभयो - "अब त आराम भयो, उपासक ?" नकुलपिताले भन्यो - "भन्ते ! आराम त भयो। तर बलियो भएको छैन।"

बुद्धले भन्नुभयो, " बल नभैकन सकी नसकी किन आएको त ?" नकुलपिता- " भन्ते ! हजुरकी उपासिका, मेरी गृहलक्ष्मीले हजुरको उपदेशानुसार मैत्री चित्तले मनै हुलका हुने गरी शीतल प्रिय वचनले टहल सेवा गरेकीले मेरो ज्यान बच्यो। वैद्यले निराश भएर हात खुट्टा छोडिसकेको मलाई। यो कुरा यहाँ विदीत गर्न साह्रै उत्सुक भएकोले सकी नसकिकन आएँ, भन्ते ! बुद्धले भन्नुभो" -



Downloaded from http://dhamma.digital

" उपासक ! तपाईकी गृहलक्ष्मीले कसरी सेवा गरिन् तपाईको ?"

नकुलपिता-"भन्ते ! मलाई रोगले साह्रै चाप्यो । शरीरको र गत मासु सुके । शरीर दुर्बल हुँदा मन पनि कमजोर भयो । बाँच्ने आशा रहेन । मनको शान्ति हरायो । अनेक अनावश्यक पीर, चिन्ता र कल्पनाहरू बढे । ठूला ठूला वैद्यहरू बोलाइए । असल बहूमूल्य औषधीहरू ख्वाए । तर औषधीले मलाई छोएन । अनि वैद्यहरूले रोग निको हुँदैन, आशा नगरे पनि भयो भनेर छोडेर गए । यो कुरा सुनेदेखिन् मेरो शिर झुक्यो । मन खल्लो भयो । बाँच्ने आशा छैन भनेर निराश भएँ । म मरेपछि यो घरमा के होला ? नाना प्रकारका यस्ता अनावश्यक पीरले सतायो । फलस्वरूप झन् झन् रोग बढ्यो । तर म त्यस्तरी सिकिष्ट भएर पनि हजुरको उपासिका कति निराश भईन । मन बलियो पारेर धैर्यपूर्वक झन् राम्रोसंग सेवा गरिन्, वैद्यले बाँच्दैन भनेको भनेर निराश भएर टहल सेवामाथि कति फरक गरेन । मलाई भरोसा दिएर, मन हलुका हुने कुरा गरेर मन जितिरहिन्, तर मेरो मुख उज्यालो भएन । अनि गृहलक्ष्मीले नजिकै आएर मेरो कपालमा हात राखेर सोधिन् ।

"स्वामी ! केही पीर लिनु भयो कि ? किन मुख अँध्यारो पारेको ? हामीलाई बुद्धले यस्तो उपदेश दिनुभएको होइन ? हामी सबैले एकदिन मनुपर्छ । मनमा कुनै प्रकारको धन्दा सुर्ता तथा चिन्ता



Downloaded from http://dhamma.digital

राखेर प्राण छोड्नु हुँदैन । तपाईंको मनमा यस्तो पीर पो भयो कि- म मर्ने भएँ । म नभएपछि घर बिग्रिन्छ । केटाकेटीहरूको राम्रो पालनपोषण हुँदैन । यस विषयमा तपाईंले कति धन्दा मान्नु पर्दैन । कपासको धागो काट्ने र अरू काम पनि मैले जानेकी छु । ती काम गरेर तपाई नभए पनि बालबच्चाको पालनपोषण गरी घर थामेर बस्नेछु । तपाईंले किन पीर मान्नु भएको ? रोग हुँदा यसरी पीर लिनु हुँदैन । कुनै कुरामा पनि आशक्त भएर मर्नुहुँदैन । मन हलुका गरेर बस्नुहोस् ।"

यति कुरा सुनेपछि मेरो मन केही हलुका भयो । मुख पनि अलिकति उज्यालो भयो होला । फेरि अर्को कुरा सम्झेर पीर पऱ्यो, चिन्ताग्रस्त भयो । अनि मेरो मुख अँध्यारो भयो होला । फेरि हजुर की उपासिकाले सोधिन्- "भो स्वामी ! फेरि पीर लिनुभयो कि ? म मरेपछि यिनी अर्काकी घरमा जान्छे । तपाईंले यस्तो कुरा मनमा लिनुभयो कि ? यस्तो कुरा मनमा राख्नु हुँदैन । तपाईंले मेरो बानी राम्रैसंग थाहा छ । मैले पनि तपाईंको बानी राम्रोसंग थाहा छ । हाम्रो विवाह भएको यतिका वर्ष भैसक्यो । आजसम्म हाम्रो सत्य चर्याशील नष्ट भएको छैन । हामी मध्ये कसैबाट पनि आज सम्म झगडा गर्नु पर्ने काम भएको छैन । यस बारेमा तपाईंले कति पीर नमान्नुहोस् । यसरी अस्वस्थ भइरहँदा त्यस्तो अनावश्यक कल्पना गरेर चिन्तित भएर मर्नुलाई बुद्धले प्रशंसा गर्नु भएको छैन । धैर्य गर्नुहोस् । मन बलियो पार्नुहोस् धन्दा लिनु पर्दैन । मेरो गृहलक्ष्मीको सत्यवचन, प्रेमपूर्ण ममताले भरिएको कुरा सुनेर मन हलुका भयो । शरीर



Downloaded from http://dhamma.digital

पनि हलुका भयो । अनि मुख उज्यालो हुनु पनि स्वाभाविकै हो । तर एकछिन पछि फेरि मलाई अर्को पीर पऱ्यो । धन्दा भयो । अनि शरीर पनि गह्रौं भयो । मेरो मुखमा मलीनता आयो होला हजूरकी उपासिकाले फेरि सोधिन्-

"किन स्वामी ! फेरि मुख अँध्यारो भयो ? तपाईले यस्तो मनमा लिनुभयो कि - म मरेपछि यिनले गौतम बुद्ध कहाँ गएर कथा सुनेर, भिक्षुसंघलाई वन्दना गरेर मानमर्यादा राखेर आदर सत्कार गर्दैन होला । यस्तो पनि तपाईले नठान्नु होला । धन्दा नलिनु होला । तपाई स्वर्गवास हुनुभयो भने यताउति हिंडिरहनु पर्ने गृहस्थीको काम छोडने छु । अनि अहिले भन्दा पनि बढी म विहारमा जान सक्नेछु । भगवान बुद्धको दर्शन गर्न सक्नेछु । बुद्धको उपदेशामृत पार्न गरेर धर्म अनुसार जीवन यापन गर्नेछु तपाईले अनावश्यक पीर लिएर चिन्ताग्रस्त मनले मर्ने विचार नगर्नु होला । यसरी गह्रौं दिलले मर्नुलाई बुद्धले प्रशंसा गर्नु हुन्न भन्ने तपाईलाई थाहै छ । मर्ने वेलामा मन कुनै कुरामा पनि अल्झाउनु हुँदैन ।" हजुरकी उपासिकाको यस्तो सत्यवचन रूपी औषधीले केही बेर शरीर हलुका भयो ।

तर फेरि अर्को कल्पनाले दिल गह्रौं भयो । मुख पनि अँध्यारो भयो होला, हजुरी उपासिकाले फेरि सोधिन्- " भो स्वामी ! फेरि तपाईले यस्तो पनि ठान्नु भयो कि ? म मरेपछि यिनले शीलपालन गर्नेछैन । यस्तो कुरा मनमा लिनु अयोग्य छ । गौतम



Downloaded from http://dhamma.digital

बुद्धका जति पनि शीलवान् श्राविकाहरू छन्, म पनि तिनीहरूमध्ये एक हुँ। यस बारेमा तपाईले धन्दा मान्नु पर्दैन। तपाईलाई विश्वास नभए जस्तो लागे भगवान बुद्ध यही संसुमारगिरिको मृगदानवनमा बसिरहनु भएको छ । चाँडै नै स्वास्थ भएर बुद्धकहाँ गई सोध्नुहोस् । तपाईले यस कुरामा चिन्ता नगर्नुहोस् । चिन्ताग्रस्त मृत्युलाई बुद्धले प्रशंसा गर्नु भएको छैन ।"

हजूरकी उपासिकाले यसरी भरोसा दिंदा मलाई रोगबाट मुक्त भएको जस्तो लाग्यो ।

फेरि एकछिन पछि प्रमादवश म कल्पना सागरमा डुबियो, मेरो मुखमा हेरेर गृहलक्ष्मीले भनिन्-

"भो स्वामी ! फेरि के धन्दाले मुख मलिन भयो ? तपाईले यस्तो मनमा लिनु भयो कि- यो स्त्री आध्यात्मिक (चित्त) शान्ति लाभ गरेर बस्न जानेको छैन। तपाईले यस्तो पनि विचार गर्नु हुँदैन । तपाईलाई थाहा छैन र ? भगवान् बुद्धका जति पनि शुद्धजीवि उपासिकाहरू छन्, आध्यात्मिक शान्ति गरेर समाधि बलियो तुल्याई बसिरहेका छन्, तिनीहरू मध्ये म पनि एक हुँ। पत्यार नलागेको भए चाँडै स्वस्थ भै बुद्धकहाँ सोध्न जानुहोस् । पीर नलिनुहोस् ।"

के के कल्पनाले मेरो मुख फेरि अँध्यारो भयो। मेरी गृहलक्ष्मीले फेरि सोधिन्- " भो स्वामी ! तपाईलाई यस्तो पनि धन्दा भयो कि यो नारीले त्रिपिटकको कुरा केही बुझेको छैन। आफ्नो भरोसा आफै



Downloaded from http://dhamma.digital

हुन् भनी जानेकी छैन। यस्तो कल्पना गरेर अनावश्यक पीर लिइरहनु ठीक छैन। तपाईलाई थाहै छ, भगवान बुद्धका जति पनि शुद्धजीवि धर्म र विनय राम्रोसंग बुझेका उपासिकाहरु छन्, उनीहरूमध्ये म पनि एक हुँ पत्यार नलागेको भए यहाँ नजीकै संसुमारगिरीमा (मृगदावनमा) भगवान् बुद्ध विराजित हुनु भएको छ। चाँडै स्वास्थ्य लाभ गरेर, बुद्धकहाँ जानुहोस्। चिन्तामय जीवनलाई बुद्धले प्रशंसा गर्नु भएको छैन।"

"यसरी हजुरकी उपासिकाको प्रेमपूर्ण सत्य वचन सुनेर तन र मन दुवै हलुका भयो। वैद्यहरूको असल असल औषधीहरूले मलाई छोएन। हजुरकी उपासिकाको सत्यवचन औषधीले मेरो रोग निको भयो। हजुरलाई यो कुरा भन्न उत्सुक भएकोले शरीरमा बल नभए पनि लट्ठी टेकेर हजुरको दर्शन गर्न आएको।"

भगवान् बुद्धले भन्नु भयो- "नकुलपिता उपासक। तपाई भाग्यमानी पुरुष हुनुहुन्छ। तपाईको पुण्य बलियो छ। नकुलमाता उपासिका जस्ती लक्षणले युक्त भएकी, दया र करूणाले सम्पन्न, आफ्नो पतिको हितसुखको लागि चाहेजति प्रयन्त गर्न सकेकी, ज्ञानी, आज्ञाकारी, ईमान्दारी पत्नी पाउनु भएको छ। यस्ती गुणवती, शीलवती ज्ञानी पत्नीको सहबासमा जीवन यापन गर्न पाउनु कम पुण्यको फल होइन। तपाईलाई कुनै कुराको पनि धन्दा छैन। तपाईकी नकुलमाता



Downloaded from http://dhamma.digital

साँच्चै नै राम्रो शील स्वभावकी, धर्मको तथ्य बुझेकी आध्यात्मिक शान्तिको लागि समाधि बलियो भएकी, भित्री दिलदेखि नै मैत्री चित्त भएकी साँच्चैकी गृहलक्ष्मी हुन् । अत्युत्तम नारीरत्न पाउनु भएकोमा सन्तोष हुनुहोस् ।"

भगवान् बुद्धबाट आफ्नो पत्नीको प्रशंसा सुनेर नकुल पिता खुसी हुँदै घर गए ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# घर-कलह शान्ति (एक महिलाद्वारा)

एक समयको कुरो हो । एउटा महाजन थियो । धर्म भन्ने कुन तत्व हो, त्यसलाई थाहा थिएन । उनमा धनको घमण्ड थियो। उनी निकै माथि पुगेका थिए। महाजनपनाले गर्दा समाजमा उनको हेलमेल थिएन । उसको चाकरी गर्न आउनेलाई मात्र उनी मद्दत गर्थे ।

हाम्रो यहाँ श्रावणमासमा कथा पुराण भन्ने चलन भए झैं त्यो महाजनको टोलमा पनि श्रावण महिनामा भिक्षुहरुद्वारा बुद्धपूजा आदि बुद्धधर्मको प्रचार गर्ने काम सुरु भयो । त्यो टोलमा प्राय: सबै जना कथा सुन्न गए । त्यो साहुकी जहान, साहुनीको पनि सुन्न जाने बानी बस्यो । साहुनीले आफूले सुनेर आएको कथा घरमा आएर आफ्नो लोग्ने र छोरीलाई पनि सुनाउने गरिन् । साहुनी भिक्षुहरूका धर्म-देशनाबाट पनि निकै प्रभावित भइन् । तिनले साहुलाई भनिन्- "एक दिन पनि फुर्सत नलिइकन मात्रै के गर्ने ! धेरै घर, धेरै सम्पत्ति के केलाई ! चिन्तामात्र बढ्ने । अलि अलि त्याग पनि गर्न सक्नुपर्छ । धर्मकर्म पनि गर्न सक्नुपर्छ ।



Downloaded from http://dhamma.digital

साहुको मनमा पऱ्यो - भिक्षुहरूकहाँ कथा सुन्न गई । अब खर्च गर्ने कुरा गरी । अघि अघि एकजोर साधारण लुगा मात्र लाएर धन जम्मा गर्नुपर्छ भन्नेले अहिले कस्तो कुरा गरेकी । त्याग गर्नुपर्ने त हो । छोराहरूलाई पढाउनुपर्छ । पछि दाजुभाई झगडा गर्न नपर्ने गरी उनीहरूलाई सबै कुराको बन्दोबस्त गर्न सक्नुपर्छ ।

एकदिन साहुलाई घरायसी तन्ताले दिक्क लाग्यो । मन बहलाउन भनी विहारमा कथा सुन्न गयो । शंका लागेको कुरामा छलफल गऱ्यो । कथामा कस्तो कुरा निस्क्यो भने कमाउनु पनि पर्छ । मिहेनत पनि गर्नुपर्छ । तर कमाएको धनको सदुपयोग गर्न जानेन भने दुःख हुन सक्छ । परिवारमा झगडा हुन सक्छ । अनि धन भएर पनि मनमा शान्ति हुँदैन ।

यसरी कथा सुनेपछि साहुको मनमा धर्म चेतना आयो । स्वभाव परिर्वतन भयो । धार्मिक क्रियाकलापमा त्यागको भावना आयो । चन्दा दिएर, आवश्यक सरसामान प्रदान गरेर मद्दत गर्ने भयो । साहुको स्वभावमा धेरै परिवर्तन आयो । साहुको स्वभाव राम्रो भएको देखेर टोलका मानिसहरूलाई पनि खुसी लाग्यो । अघिजस्तै खुसामद गर्न आउनेलाई मात्र मद्दत गर्ने होइन कि आफ्नै मनले देखेर आफै अघि सरेर दिन दुःखीहरूलाई मद्दत गर्ने भयो । धर्म केलाई भेन्दछन् । राम्रोसंग बुझे । घरका सबैजना धर्मावलम्बी भए । बुद्ध पूजामा भाग लिन जाने भए ।



Downloaded from http://dhamma.digital

क्रमश: एउटी छोरी विवाह योग्य उमेरको भई विवाह गरि दिने निश्चय भयो। आमाबाबु दुवैले छोरीलाई बोलाएर भने, " तिमी हाम्रो प्यारी हौ। अब तिमी दुलही हुन लागिरहेछौं। हामी विहारमा गएर कथा सुन्ने गरेका, बुद्धधर्मावलम्बी भनेर सबैलाई थाहा छ। तिमी चारजना दाजुभाई भएको घरमा पर्ने भयौ। धेरै दाजुभाइ भएको घरमा झगडा हुन सक्छ। सासु र बुहारीहरूको बीचमा, नन्द र भाउज्यूको बीचमा, ज्येठानी देवरनीहरको बीचमा झगडा भई रहन सक्छ। तिमीले त्यो घरमा गएर कलह शान्ति गरिदिनू। तिमीले यो बुझ्न कोसिस गर, झगडा भयो, किन झगडा भयो ? कलहको कारण देखेर त्यसको जरै उखेल्ने प्रयास गर। अलिकति सहनु पर्ला। दु:ख भोग्नु पर्ला सासु ससुरा, देवर देवरानी,ज्येठाज्यू ज्येठानी भएको घरमा माइतीमा जस्तो हुँदैन।"

छोरीले बाबुआमाको आज्ञापालन गर्ने प्रतिज्ञा गरिन्। यथासमयमा विवाह भयो। पतिघरमा प्रवेश गरेदेखि नै साहुकी छोरीले चालचलन अध्ययन गर्न लागिन्। एक दुई महिनासम्म त घरको वातावरण शान्तै थियो। बिस्तारै त्यो घरमा दन्तबजान सुनिंदै आयो। एकातिर सासु र नन्द अर्को तिर बुहारीहरू, सासु हुनेले आफ्नी छोरीलाई सकेसम्म ऐश आराममा राख्न खोज्दथिन्। बुहारीहरूलाई कमारी झैं काममा जोत्दथिन्। पछिबाट बुहारीहरूमा पनि झगडा हुन थाल्यो। कारण के भने ठूलो जहान भएकोले चुलो



Downloaded from http://dhamma.digital

धन्दा गर्न त्यो घरमा गाह्रो थियो। यसैले बुहारीहरूमा चुलो धन्दा गर्ने पालो बाँधेको थियो।

आफ्नो भात पकाउने पालोमा माइती जाने, कतिको बाठी! मेरो पनि माइती छ। मलाई जान मन लाग्दैन आफनो माइतीमा? भाँडा माझ्ने डुंङ्गुर छ। बच्चा सुताउन निहुँले कोठामा गएर मज्जासंग सुत्ने। अहिले हो! बच्चा रोएको। छोरालाई दूध ख्वाउँ कि तिहुन तरकारी हेरूँ लुगा धोयो, आफ्नो मात्रै सुकिलो। अर्काकोमा त साबुनै नलाएको जस्तो। यस्तै त्यो घरमा सधैं।

नयाँ दुलही सबैभन्दा कान्छी, बोलीमा नम्रता, जाँगरता थियो तिनको।

"बच्चा रोइरहेछ। बच्चालाई दूध ख्वाउन जानुहोस्। चुलोमा म हेर्छु।"

तिमी नयाँ दुलही। तिम्रो पनि पालो आउँछ भात पकाउने।

" हो, त्यो मलाई पनि थाहा छ। अहिलेदेखि अभ्यास गरे पो आफ्नो पालामा राम्रोसंग भात पकाउन सकिन्छ। मलाई सिकाई दिनुहोस्, स्वादिष्ट तिहुन तरकारीहरू पकाउने।"

भाउज्यू चाहिंको मनमा पर्‍यो- अरुहरू काम गर्नु पर्ला भनेर टाउको दुख्यो, पेट दुख्यो भनेर माइती जान्छन्। यिनी नगर भने पनि



Dhamma.Digital
Downloaded from http://dhamma.digital

काम गर्न आइरहन्छे । कस्तो ज्ञानी छ यो दुलही ! माइती जानपरे जानुहोस् भाउज्यू भात म पकाई दिन्छु भन्छे ।

नयाँ दुलहीको चालचलन देख्दा सासु चाहिं पनि छक्क परिन् । एकदिन नयाँ दुलहीलाई बोलाएर सासुले भनिन्- "ए दुलही ! अर्काकी भात पकाउने पालोमा तैंले किन काम गर्न गएकी ? जान्ने नहोउ, आफ्नो पालोमा मात्र चुलो धन्दा नगरीकन ।"

"होइन आमा !" नयाँ दुलहीले भनिन्-"अघि यो घरमा जहिले पनि भात पकाउने, लुगा धुने कुरामा झगडा भइरहन्थ्यो । अहिले यस्तो छैन । माईती जानलाई पनि कसैले भनाई खान पर्दैन । परस्परमा सहयोग भइरहेकोले काम सबै राम्रोसंग भइरहेको छ । "

नयाँ दुलहीको कुरा सुनेर सासुचाहिं प्रभावित भइन् । तिनले सोधिन्- "तँलाई कसले यसरी काम गर्न सिकाएको?"

Dhamma.Digital

नयाँ दुहलीले भनिन्- " हाम्रो बा आमा, हामी सबै विहारमा गएर कथा सुन्थें । धर्मकर्म गर्थे । भन्तेहरूको गुरुमांहरूको बानी सुधार गर्ने कथा सुन्थ्यौं । मलाई यहाँ दिई पठाउनु दुइ दिनअघि बा र आमाले भन्नु भएको थियो-पति घरमा बस्दा आफ्नो मनले देखेर काम गर्नुपर्छ । झगडा भएमा झगडाको कारण बुझेर झगडा नहुने काम गर्नुपर्छ । नत्र इज्जत जान्छ । यो दुलही अल्छी, लुच्ची, बजौठी, यस्तो भनाई खानु पर्‍यो भने बाबुआमालाई समेत नराम्रो हुन्छ । त्यसैले मैले बाबुआमाको अर्ति मुताबिक काम गरिरहेछु ।"



Downloaded from http://dhamma.digital

सासु चाहिंले सोधिन् - "भन्तेहरू भन्ने को हुन् नि ?"

नयाँ दुलहीले भनिन् - "भन्ते" भिक्षुहरूलाई आदरपूर्वक बोलाउदा प्रयोग गरिने आदरार्थक शब्द हो ।"

"भन्ते" भिक्षुहरुलाई प्रयोग गरिने आदर सूचक शब्द रहेछ । भिक्षुहरुले यस्ता कथाहरु भन्ने रहेछ ।"

सासु चाहिंले भनिन्- "दान दिनुपर्छ भनी दान लिने मात्र गर्छन् भनेको त होइन रहेछ " मनमनै भनिन्, " राम्रो उपदेश दिने रहेछ भिक्षुहरूले । साँच्चै लक्ष्मीजस्तै दुलही फेला पऱ्यो । घरमा झगडा तगडा केही छैन अब । सबै मिलजुल भएर काम गर्दा कति राम्रो भयो । माइती जान पर्नेहरुलाई पनि आनन्दै भयो । हो बा ! छोरीलाई पुल्पुल्याएर राख्दा पछि आफैलाई नराम्रो हुन्छ । अर्काको निन्दा चर्चा सहनुपर्ने हुन्छ । छोरीलाई तालीम गर्नु पऱ्यो ।"

पतिघरमा गएर छोरीले मनले चिताएझैं काम गरेर बाबुआमाको नाम राखी दिइन् । साहु र साहुनी दुवै खुसी भए । विहारमा गएर भन्ते र गुरूमांहरूद्वारा भगवान् बुद्धको उपदेशानुसार सुधार कार्य गर्न सकेकाले तिनीहरूको हर्षको सीमा रहेन ।



Downloaded from http://dhamma.digital

# स्वास्नीको धर्मले लागनेको ज्यान बचेको

एक समयमा वाराणसी देशमा ब्रह्मदत्त नाउँ गरेको राजा थियो। उनको शासनकालमा हिमालय प्रदेशमा किन्नर (परी) योनिमा बोधिसत्वमा जन्म भएको थियो। उनकी चन्द नाउँ गरेकी किन्नरी पत्नी थिइन्। तिनीहरू चन्द नामको चाँदिको पर्वतमा बस्दथे।

एकदिन वाराणसीका राजा शिकार खेल्न भनी हिमालयतिर गए। मृगहरु मार्दै मासु खाँदै राजा किन्नरहरू भएको पर्वतको फेदिमा पुगे।

किन्नरहरू वर्षाद ऋतुमा तल झर्दैनथे। गरम महिनामा रंगविरंगका फूलहरूले वनजंगल मनोहर हुन्छन्। यस्तो अवसरमा रसरंगको लागि किन्नरहरु वनविहार गर्न पर्वतबाट तल ओर्लन्थे।

वोधिसत्व किन्नर आफ्नी किनरी चन्दालाई साथमा लिएर सुगन्धी पुष्पहरूको पराग (केशरी) खाँदै सुगन्ध छर्दै पहाडबाट तल झरिरहेका थिए। तलतिर एउटा राम्रो पोखरी थियो। त्यो पोखरीमा



Downloaded from http://dhamma.digital

नुहाएर फूलका मालाले सजिएर किन्नरी पोखरीको डिलमा नाचिर हेकी थिइन्। बोधिसत्व किन्नर बाँसुरी बजाइरहेको थियो। बासुरीको शब्द सुनेर शिकारको लागि डुल्दै आंइरहेको राजा सुस्तसंग बिरालो हिंडाइले त्यस ठाउँमा आए। वनस्पतिको झाँगमा लुकेर किन्नर किन्नरीको रूपलावण्य देखेर राजा मोहित भए। किनरी निकै राम्री थिइन्। किनरलाई मारेर किनरी दरबारमा लिएर जान्छु। राजाले यस्तो चाहना गरे। कुनियत्तमा परेका राजाले बोधिसत्व किनरलाई वाणले हाने। किनर घायल भएर छटपटायो। तिनको शरीरबाट रगतको भल बग्यो। आफ्नी प्रियासंग सदाको निमित्त बिछोड हुनु पर्‍यो भन्ने पीरले किनर आकुल व्याकुल भयो। तिनको आँखाबाट आँसुको धारा छुट्यो। उनले विलौना गर्‍यो-

"लाग्यो उड्न यो प्राण पखेरू
जीवनज्योति निभिरहेछ रक्तदेहको भुइँमा बगी
छैन कति अब आशा मेरो जीवन अन्त हुन्छ छिट्टै
दुर्दिनले पर्खाल उठायो तिम्रो मेरो विचारमा अजड़ै
चन्दा! चन्दा!! हाय चन्दा!!! हुन लाग्यो तिमी एक्लै
लाग्यो उड्न यो पखेरू।"

बोधिसत्व किनर विलाप गर्दै बेहोशमा परेर छटपटाई रह्यो। राजाले वनस्पतिको झाँगमा लुकेर हेरिरह्यो। उता किनरीलाई लोग्नेको प्राण जान लागेको थाहा भएन। मग्नमस्त भएर नाचिरहेकी



Downloaded from http://dhamma.digital

किन्नरीको आँखा अनायासले किन्नर माथि पऱ्यो । आफ्नो लोग्ने अचेत भएर लडिरहेको देखेर हतपत्तसंग दगुर्दै लोग्नेको नजीक आइन् । किन्नरको रगत भुईंमा छताछुल्ल भइरहेको, धेरै बेरसम्म छटपटि रहेकोले जीउभरि रगत लागेको, प्राण पखेरु उडिसकेकोले शरीर चीसो भइसकेको, पतिको हालत देखेर किन्नरीले विलाप गरिन् । किन्नर मरिसकेको निश्चय भएपछि राजा बिस्तारै वनस्पतिको झाँगबाट बाहिर निस्के । चन्दाले राजालाई देख्नासाथ भनिन्, "यही चण्डालले मेरो लोग्नेलाई वाणले हानेको होला ।" किन्नरी डराएर त्यहाँबाट भागिन् । पहाडको थुम्कामा बसेर राजालाई सरापिन्- "दुष्टराजपुत्र ! मेरो निर्दोषी लोग्नेलाई बाणले हानिस् । तैंले जुन किन्नरी विवाह गर्ने आशाले पापकर्म गरिस्, किन्नरीको मनमा जस्तो सोक, पीर र दु:ख भयो त्यस्तै त्यो तेरो स्वास्नीलाई पनि होस् । तेरो आमाले तेरो सुख देख्न नपाओस् । तेरो स्वास्नीले लोग्नेको मुख देख्न नपाओस् ।"

आफूलाई सराप्पदै रोइरहेकी किन्नरीलाई हेर्दै राजा भन्दछ, "हे चन्दा ! तिमी नरोऊ । केही धन्दा नमान । तिमी मेरी महारानी हुनेछौ । तिमीलाई दरवारमा देवीलाई जस्तै मानमर्यादा गर्नेछन् ।"

"हे पापी राजपुत्र ! तैंले मेरो लोभले मेरो निर्दोषी लोग्ने किन्नरलाई मारिस् । बरू म मर्न तयार छु । तँ जस्तो दुष्ट अधर्मीसंग आउने छैन ।

किनरीको त्यो गाली गलोच सुनेर राजा त्यहाँबाट हिंडे । जानुभन्दा अघि राजाले भने "हे मूर्खनी किन्नरी ! तँ हिमालमै बसिरहेस्, जहाँ फलफूल र मृग जन्तु सिवाय केही छैन ।"



Downloaded from http://dhamma.digital

राजा हिंडिसकेपछि पहाडबाट ओर्लेर किन्नरीले बोधिसत्व किन्नरको मृत शरीर बोकेर पर्वतशिखरमा लगिन् । पतिको शिर आफ्नो काखमा राखेर बिलौना गर्दै भनिन्, " मेरो प्राण ! यस्तो राम्रो पर्वत र गुफामा, यस्तो रमाइलो हिमालय र जङ्गलमा कति आनन्दले हामी डुल्थ्यों, खेल्थ्यों । अब म एक्लै भएँ । मेरो सूर्य अस्तायो । मेरो जीवनज्योति हरायो । मेरो संसार नष्ट भयो । मेरो सर्वश्व हरण भयो । जता हेर्छु उतै अन्धकार, फुलहरूको सुगन्धले मग्मगिरहेको यो हिमालय प्रदेश मेरो लागि दुर्गन्धले युक्त भयो । मेरो प्राण ! मेरो जीवनेश्वर !

मैले पतिब्रत धर्म पालन गरेकोरहेछु भने पति भक्ति सत्यधर्म पालन गरेकी रहेछु भने मेरो प्यारो किन्नरको जीवन फर्कोस् । यस्तो निर्दोषी माथि दुष्टले बाण चलाए । सत्यको प्रभाव छ भने यस्तो वेलामा हुनुपर्छ । मेरो सत्य धर्मको प्रभावले मेरो प्राणेश्वरको प्राण फर्कोस्, । बोधिसत्व किन्नरको छातीमा हात राखेर किन्नरी भुलिरहिन् । बिस्तारै किन्नरको छाती तातेको जस्तो अनुभव भयो । मेरो प्राणाधारको मुटु तातेछ । मेरो सत्यधर्मको प्रभाव अवश्य हुनुपर्छ । मैले पतिभक्ति सत्यधर्म पालन गरेको छु । यो सत्यको प्रभावले मेरो प्राण उठेर आओस् । यस्तो अधिष्ठान गरेर पोखरीको



Downloaded from http://dhamma.digital

पानी ल्याएर पतिको देहमा सिञ्चन गरिन् । बोधिसत्व बिस्तारै उठ्यो । घाउ पनि चाँडै नै निको भयो । दुवै जनाले अघि जस्तै आनन्दपूर्वक जीवनयापन गरे ।

शुद्ध मनले लोग्नेको सेवा गरेमा यहाँको यहीं फल प्राप्त हुने रहेछ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# शुद्ध मैत्री चित्तको प्रभावले कुमन्त्रले छुन नसकेको

प्राचीनकालमा वाराणसी देशमा धेरै दु:ख सहेर समुद्रपार व्यापार गरेर धनी भएको एउटा महाजन थियो। धेरै धनी भएपछि महाजनले आफू घरमै बसी बनियाँहरूलाई समुद्रपार पठाई व्यापार गर्ने भयो। उनको धेरै देशसंग व्यापारिक सम्बन्ध थियो।

एकदिन धेरै मालसामानहरू विदेशमा पठाउन परेकोले धेरै बनियाँहरूको आवश्यकता परेको थियो। यस निमित्त महाजनलाई एउटा इमान्दार बनियाँ नाइकेको पनि नितान्त आवश्यक थियो। एकजना आफ्नो विश्वासपात्र बनियाँलाई नाइके नियुक्ति गरियो, यो मालसामान यो देशमा बिक्री गर्नु भनी अह्राएर मालसामानहरू बन्दर गाहतिर ओसार्न लगायो।

बनियाँ नाइकेले प्रस्थान गर्नुभन्दा अघि साहुलाई भन्यो, "म अघिजस्तै एक्लै होइन मैले विवाह गरिसकेको छु। यसैले महिनौं पर देशमा घुम्नलाई घरकी जहानलाई अलिकति खर्च छोडेर जानुपर्छ। मलाई अलिकति दाम दिनुहोस्।"



Downloaded from http://dhamma.digital

साहुले भन्यो, " हुन्छ । तर अहिले मसंग नगद छैन । यहाँ धन धेरै राखिछोड्नु पनि हुँदैन । तिम्रो जहानलाई खर्च अड्क्यो भने यहाँ लिन जानु भनेर जानु । दिई पठाई दिन्छु ।"

पैसा भन्ने चीज कस्तो हुँदोरहेछ । त्यत्रो साहुले पनि छैन भन्यो । यहाँ धन धेरै राख्नुहुँदैन रे । धेरै धन हुने पनि दुःखै रहेछ । बनियाँले घर गएर आफ्नो जहानलाई भन्यो- " म भोलि सबेरै जहाज चढेर समुद्रको यात्रा गर्छु । मितीलाई खर्चको आवश्यकता पर्‍यो भने साहुकहाँ लिनजानु, दिन्छु भन्नु भएको छ । केही धन्दा नमान्नु । म सकेसम्म चाँडै आउने छु ।" यति भनेर बनियाँले स्वास्नीसंग बिदा माग्यो ।

" हाम्रो विवाह भएको धेरै भएको छैन । यसरी छुट्टिएर बस्ने इच्छा छैन । तर के गर्ने ! काम नगरिकन हामीलाई खानेकुरा कहाँबाट आउँछ । विवाह गरेर यति चाँडै छुट्टिएर बस्नु बेमज्जा भए पनि परिस्थितिवश छुट्टिनुपर्‍यो । एउटा कुरा भन्छु । जहाँ पनि जुनसुकै काममा पनि होशियारीसाथ गर्ने गर्नुहोस् । यहाँ घरमा जस्तै बुद्धगुण स्मरण गरेर शुद्ध मनले परित्राण पाठ गर्ने गर्नुहोस् । सत्यमा रहनुहोस् । म पनि अप्रमादी भएर केही न केही गरिरहने छु । बुद्धगुण स्मरण र मैत्रीभावले बिघ्नबाधा केही नभएर कल्याण हुनुपर्छ । शुभ कुशल भइरहोस् भनेर प्रार्थना गरिरहने छु ।"



Downloaded from http://dhamma.digital

बनियाँलें साहुसंग बिदाबाजी भएर समुद्रमा यात्रा गर्न प्रस्थान गऱ्यो ।

यता बनियाँ नाइकेकी जहानले परदेशमा गएको लाग्नेलाई बिघ्नबाधा, भय, । अन्तराय केही नहोस् भनी पतिव्रत धर्म पालन गरेर शुद्ध मनले, आचरणले पूजापाठ आदि गरेर दिन काटिरहिन् । परपुरुषसंग हाँसी, ख्याल ठट्टा गरी, आँखा झिम्काई सतित्व नष्ट गर्ने यस्तो दुश्चरित्रबाट टाढै रहेर परदेशमा गएको लोग्नेलाई शुभ मङ्गल भइरहोस् भनी मैत्रीचित्तले शुभकामना गरी दिन बिताइरहिन् ।

खर्च गर्ने पैसा सकिएर एकदिन लोग्नेले भने अनुसार साहुकहाँ पैसा माग्न गइन् । साहुलाई नमस्कार गरेर तिनले भनिन्- " मेरो स्वामीले खर्च गर्नलाई पैसा चाहेमा साहुकहाँ लिन जानु भनेर जानु भएकोले आएको म । अलिकति खर्च पाइन्छ कि ?"

Dhamma.Digital

बनियाँ नाइकेकी स्वास्नी भर्खरकी तरूणी थिइन् । तिनी अति राम्री थिइन् । साहुले आँखै नफिराइकन तिनलाई पैतालादेखि शिरसम्म लोभी दृष्टिले हेऱ्यो । अनि भनेजति रूपियाँ दिई पठायो ।

दाम लिएर बनियानी आवश्यक सामानहरू खरिद गरी घर गइन् । साहुले जतिसुकै प्रेम देखाए पनि तिनलाई वास्ता थिएन । मात्र आफ्नो परदेशमा गएको लोग्ने सम्झेर उनलाई कुनै प्रकारको अमङ्गल नहोस भनी शुद्धचित्तले मैत्री भावना गरिरहिन् । उनी ठान्थिन्, मन



Downloaded from http://dhamma.digital

अशुद्ध भयो भने उनले गरेको शुभकामना पूरा हुँदैन मनले कुनै नराम्रो कल्पना गर्नु हुँदैन । यो दृढ विश्वासले तिनको मन साहुतिर लागेन । मजबूत चित्तले आफ्नो मङ्गल कामना गरिरहिन् ।

साहु रातदिन त्यो बनियाँकी स्वास्नीमात्र सम्झिरहन्थ्यो । साहुनी भन्दा तिनी निकै राम्री थिइन् । अनि के त, प्राय : लोग्नेमानिसहरु राम्री तरुणी देखेपछि आफ्नी स्वास्नीदेखि असन्तुष्ट हुनु स्वाभाविकै पो हो कि ! धनको अभिमान र मोहचित्तले गर्दा अर्काकी स्वास्नीलाई कुदृष्टीले हेर्नु अनुचित थानेन । त्यही बनियाँकी स्वास्नीलाई सम्झेर साहुको मन चञ्चल हुन थाल्यो । आफ्नो वशमा पार्ने अभिप्रायले तिनलाई भने जति दाम दिई पठाउँथे । जोशमा होश नभएको साहुले मन उनै बनियाँनीसंग टाँसियो । साहुले मनमनै भन्यो - "त्यो बनियाँकी स्वास्नी नल्याइकन मनमा शान्ति हुँदैन ।"

साहुले कल्पना गऱ्यो - लोग्ने भएकी विवाहिता, तिनलाई केवल धनको बलले ल्याउनु हुँदैन । लोक निन्दाको साथै राजदण्ड पनि हुन सक्छ । कुनै उपायद्वारा तिनको लोग्नेलाई मार्न पाए हुन्थ्यो । मेरो बनियाँ हो, तिनको लोग्ने ! लोग्ने मरेपछि त अनि, कहाँ जाला मछली मेरो धरियाँ ! अनाथिनी भएकीले आफ्नो बनियाँकी जहानको उपकारको लागि घरमा ल्याएँ । कसको के भन्ने ठाउँ छ ? अनि त इच्छानुसार स्वास्नी गरेपनि भयो । नोकर्नी गरे पनि भयो । संसारको भनाइ खानुपर्ने छैन । धर्म गरेको जस्तो पनि हुन गयो । यस्तै ठीक पर्ला ।" यो निष्कर्षमा पुगेपछि साहुले सन्तोषको सास फेऱ्यो ।



Downloaded from http://dhamma.digital

बनियाँ नाइकेलाई कसरी मार्ने ? उसलाई समुद्रपार व्यापार गर्न पठाइराखेको छु । उ हतपत आउँदैन । महिनौं बिस्तार हुन्छ । मलाई तिनको स्वास्नी छिट्टै ल्याउन परेको छ । के गरेमा मनको .....? 'एउटा वैद्य छ । कुविद्या र कुमन्त्रमा पारंगत । उ मसानमा गएर भूतहरुलाई नचाउँछ । शायद उसैबाट यो काम हुनसक्छ ।'

एकदिन त्यो वैद्यलाई बोलाएर साहुले आफनो गुप्ती कोठामा लग्यो । आफ्नो कहानी सुनाएर साहुले उसलाई भन्यो- "समुद्रपार व्यापार गर्न पठाइराखेको मेरो बनियाँ नाइकेलाई उहीं मार्न सक्यौ भने तपाईंलाई जग्गा जमीन र घरको राम्रो व्यवस्था मिलाईदिनेछु । धन पनि दिनेछु ।"

धेरै धन देखेपछि महादेवको त त्रिनेत्र बल्छ भने उखान छ । एउटा साधारण वैद्यको के कुरा । वैद्यले खुसी भएर भने, "यो काम म खुसीसाथ गर्छु । तर साहुजी मेरो मिहेनत खेर नजाओस् ।"

साहुले वैद्यलाई विश्वास दिलायो- 'काम सफल भएपछि कबुल अनुसार फरक नपारिकन सबै कुरा पूरा गर्नेछु ।'

वैद्यले घर गएर तन्त्रमन्त्र प्रयोग गरेर भूतलाई आह्वान गऱ्यो । मन्त्राधीन भूत वैद्यको आज्ञा मान्न तयार भयो ।



Downloaded from http://dhamma.digital

"फलाना साहुको बनियाँ नाइके समुद्रपार व्यापार गर्न गएको छ। उसलाई मारेर आउनू।" भूतले वैद्यको आज्ञा शिरोपर गर्म प्रस्थान गऱ्यो।

'धम्मोहवे रक्खति धम्मचारी' ( जुन व्यक्तिले शुद्ध मनले आफ्नो आचरण धर्म पालन गरिरहन्छ, उसलाई कुमन्त्रले छुन सक्दैन ) यो सत्य संसारमा विद्यमान रहेछ। बनियाँ नाइके बुद्धगुण स्मरण गरी परित्राण पाठ गर्ने गरेको शुद्ध हृदयी भएको र तिनकी जहानले पनि शुद्ध मनले, शुद्ध आचरणले मैत्री भावना गरिरहेकी हुनाले तिनको शुद्ध चित्त र मैत्री बलले गर्दा भूतले बनियाँ नाइकेलाई केही गर्न सकेन। तीनपल्टसम्म त्यो भूतले बनियाँ नाइकेलाई मार्ने प्रयास गऱ्यो। तर मार्नु त कता कता बनियाँ नाइकेको नजीकसम्म पनि जान सकेन।

सत्यताको केही शक्ति नहुँदो हो त दुष्ट चित्तका दुर्जनहरूले मन नपरेका मानिसहरूलाई कुमन्त्र हतियारले के मात्र गर्दैन होला। तर कुमन्त्रले जो कोहीलाई छुन नसक्ने रहेछ। नराम्रो चित्तका र दिनदशा बिग्रेकाहरूमा मात्र कुमन्त्रको प्रभाव पर्ने रहेछ।

भूतले कति प्रयास गर्दा पनि बनियाँ नाइकेलाई छुन सम्म पनि सकेन। हरेश खाएर फर्क्यो। वैद्यले भूतलाई 'बनियाँ नाइकेलाई नमारी हुँदैन। जाउ कि जाउ' भनी जोड गऱ्यो। बनियाँ नाइकेको



Downloaded from http://dhamma.digital

शुद्ध चित्त छ। उनी धर्मात्मा छन्। उनलाई म केही गर्न सक्दैन भन्दा पनि वैद्यले भूतलाई जाउ कि जाउ भनी जोड गऱ्यो। यसलाई मार्न सकेमात्र मेरो कार्य सिद्ध हुन्छ। म धनी हुन्छु भन्दै भूतलाई वैद्यले जबरजस्ती गऱ्यो।

भूतलाई रिस उठ्यो। नाहकमा शुद्ध चित्त धर्मात्मा व्यक्तिलाई मारेर आफू धनी हुन खोज्ने यसैलाई मार्नुपर्छ भनेर भूतले वैद्यलाई मार्न खोज्यो। तर ग्रहपति बलियो भएकोले हो कि तारणसारणको प्रभावले हो वैद्यलाई मार्न सकेन। भूतले फेरि विचार गऱ्यो- "मलाई यस्तो काम अह्राएको, यसको मूल कारण त त्यही साहु हो, जो अर्काको लोग्ने मारेर स्वास्नी लुट्न चाहन्छ। यसलाई माऱ्यो भने वैद्यको कुरै हराउँछ, अनर्थकारित यही दुष्ट आत्मा साहु हो। यसैलाई मार्छु बरु। शुद्ध हृदयमा पवित्र दम्पति बनियाँ र बनियाँनीको दाम्पत्य प्रेममा पनि आँच आउँदैन। यस्ता विचार गरेर भूतले साहुलाई सिध्याइदियो।

Dhamma.Digital

साहुसंग घर लिउँला, खेत लिउँला, धनदौलत लिउँला सुखी हुँला भन्ने आशा गरिरहेको कुवैद्य ज्यानमारा भूतको डरले थरथर काम्यो।

वैद्य निस्केर गइसकेपछि घण्टौं घण्टौंसम्म पनि साहु कोठाबाट निस्केन। सुतिरहनु भएको हो कि भनेर साहुनीले कोठामा हेर्न गइन्। साहु बिछ्यौनामै मरिरहेको देखेर सबजना बिलखबन्दमा



Downloaded from http://dhamma.digital

परे। रोगै केही नभैकन अकस्मात्संग साहुको मृत्यु भएकोले घरका जहानहरूले सोचविचार गरे। वैद्यलाई समातेर ल्याए। साहुलाई मारेको तैंले नै हो। तेरै कुमन्त्रले साहु मरेको हो। के के गरिस् तैंले ? भन्दै वैद्यलाई सापसंग चुटे। 'साहुलाई मारेको मैले होइन। मलाई नमार्नु होस्। भएको कुरा म भन्छु' भन्दै वैद्यले बिन्ती गऱ्यो। "भन् कसरी साहुको ज्यान गयो। नत्र तँलाई.....? दाह्रा किटेर, मुक्का उठाएर साहुका जहानहरूले सोधे।

वैद्यले भन्यो - "साहुलाई बनियाँ नाइकेकी स्वास्नी मन पऱ्यो। तिनको लोग्नेलाई नमारिकन तिनलाई घरमा ल्याउन नहुने भएकोले साहुले मेरो मन्त्रको मद्दत लिनुभयो। घर, खेत र ब्यापार गर्नलाई धन दिन्छु भन्नु भएकोले म पनि लोभमा फसें। तर त्यो बनियाँ नाइके शुद्ध चित्तको धर्मात्मा भएको र उसकी पत्नी पनि बुद्धगुण स्मरण गरेर सत्यधर्ममा बसेकी, मैत्री भावना बलियो भएकी हुनाले भूतले बनियाँ नाइकेलाई केही गर्न सकेन। धनको लोभले गर्दा काम तामेल गरिदेउ भनी मैले करकाप गरें। यहीदुष्टात्माले गर्दा वैद्यले मलाई दुःख दिएको हो भनेर भूतले साहुलाई मारिदियो। मैले मारेको होइन। मेरो ज्यान नजाओस्।"

वैद्यको कुरा सुनेर साहुका जहानहरूको चित्त बुझ्यो। तिनीहरूलाई थाहा भयो कि साहुको आफ्नै गल्तीले ज्यान गएको भनेर। पाप अर्कालाई बिगार्ने नियतले गरिन्छ। फल आफैले



Downloaded from http://dhamma.digital

भोगिन्छ भन्ने उखान चरितार्थ भयो । पापको फल अहिलेको अहिले नै देखियो ।

केही महिनापछि समुद्रपार व्यापार गर्न खटिरहेको बनियाँ नाइके फर्केर आयो । इमान्दार भएकोले उसलाई साहुको ठाउँमा राखे । सत्य, मैत्री र सदाचारको शक्ति सम्पन्न भएको, बुद्धगुण स्मरण गरेर राम्रो काम गर्ने भएकोले तिनीहरूको जीवनमा केही दु:ख भएन । कसैको कुमन्त्रले पनि तिनीहरूलाई छुन सकने ।



Downloaded from http://dhamma.digital

# सीमानिगु लुमंकी

- *प्रकाश बज्राचार्य*

म्वातले झीपिं हरहर न्ह्यिला सीत्यंका स्व मिखाय् ख्वबी
मव:तले ल्व:मंका मृत्यु ज्वीह्मेस्यां स्व दु:ख क्वबी
न्यँ पासापिं जिं न्यंके छिमित तरिका ह्मसिकेगु काल गति
ध्वाक्क दँ वैच्वंगु काल लुमंकेगु धाइ थ्वैत हे मरण सति ।१।
शान्तगु थासे शुद्धगु मनं लुमंका च्वनेगु ख: थ्व ध्यान
हाकुगु मनं ध्यान यातकि ग्याना वै खना वं थ:गु ज्यान
योम्ह काय् वं सीगु लुमंकी थ:गु तुयूगु दारी खना व ग्याई साहु
पुले मा:पिं सीसा न्हिली ' मयोपिं सीसा ज्यू ' वं धाई ।२।
शत्रु चात्तु वा:सा छतिं मन्ह्यु से वोम्ह वंसां दु:ख मतासे
जक हे याय् फै मरण सति, थ:त लिपा ज्वीगु खना: गति
सम्यक दृष्टि, सम्यकध्यान, प्रज्ञादय्काया ध्यान आचार
शंका, चिन्ता, अल्सी, आशक्ति व मदेके फै मभिंगु विचार ।३।
हे मूर्ख ! कन्हे याय् हथाय् जुलला, याकनं 'ल्यायम्ह जुल धाय्केत
ध्वंसां, दंसां, न्ह्यासां ह्मासां काल वैच्वंगु दु छंत कायत
सेफे सूहुँ, ध्वेगले ध्वँहुँ, चाहे बिस्युं हुँ छ चन्द्रलोके
बुलुहुँ बुलुहुँ न्ह्याना च्वंगु दु छ, बिस्युं बिस्युं वंसां कालयाथाय् ।



Downloaded from http://dhamma.digital

ज्यापू हे जूसां, जुजु हे हा:साँ, 'बाँला जिला, बल्ला' धा:सा
'चंख जिला' धका काल मवेकेत, भकारी दुने जक सुला हे च्वंसां
ध्येबा दु जिकेला घूस हे नके, मखुसा भोग किसी हे धा:सां
ख्व:सां, हा:सां, पापीसां भिंसां, काल मवैमखु न्ह्याक्व हे हा:साँ।
लैं खु ख: वला पापं सित, बुढाम्ह ख: वला रोगं सित
छु वै काल भकारी दां दुम्ह, खसी हे म्हं म्हं नयूफुम्ह जित ?
काल ख्यायूत छं ख्वा हे ज्या:सां, भाग्यशाली छ विशाखा थें सां
बुद्ध नापंला बचे ज्वी मफूगु, त्व:फी मखु छ लुमंका ति ध्वां।
छु फ्वीं याना छं जिगु ह्म धका ? थ:गु बसे मदुगु शरीर सीका
सि, धें, किमि व यक्कों मेपिं, छंगु म्ह दुने प्याखँ ल्हू ध्वीका
छंगु शरीर ख: धर्मशाला नई, फाई, म्वाई, सी, कीत उकी
च्वं हे कुतुं वै सर्प हे न्याई, मृत्यु प्याखँ ल्ह्वी छन्हु थुकी।७।
खंला हुँ बुढा सच्छि दँ पुल, आ:ला सीमखु धका दंग जुल
छें सी धा:गुलिं सतले च्वना, 'बचे ज्वी जिला' धका धुक्क जुल
गबले गन व गथे सी धका, थौं तक ध्व खँ सुनां सिल ?
काल वैबले ख्वा:पा तैच्वने, छले याय वैत धका मूर्ख न्हिला।
स्यायूत यंकूपिं म्ये त थें झी, झन झन मृत्यु सतिना वै
लखे ध्व: साले थें झीगु जीवन, सि हे मदेवं ध्व: मदै
थथे हे मृत्यु लुमंका च्वनेगु, ध्वयात हे धाई मरण सती
ध्यान थथे तया ज्या सुनां याइ, वया जीवन लाई भिंगु गती।

साधु ! साधु !! साधु !!!



Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

(नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगु विपाक
३. अभिधर्म (भाग -१)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. य:म्ह म्हयाय्
७. पञ्चनीवरण
८. भावना
९. एकतया ता:चा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि ( प्र. सं.)
१३. मैत्री भावना
१४. कर्तव्य ( प्र. सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा ( भाग - १)
१९. बुद्धया अन्तिम यात्रा (भाग-२)
२०. कर्म
२१. बाखं ( भाग-१)
२२. बौद्ध ध्यान ( भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिनि
२७. अकिंसाया विजय
२८. बाखं ( भाग-३)
२९. महास्पप्न जातक ( प्र. सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म ( भाग - २)
३२. बाखंया फल ( भाग - १)
३३. बाखंया फल ( भाग - २)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं ( भाग -२) (द्वि. सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुच
४२. पालिभाषा अवतरण ( भाग - १)
४३. न्हापांयाम्ह गुरू सु ? (द्वि.सं.)
४४. पालि प्रवेश ( भाग-१)
४५. पालि प्रवेश ( भाग -२ )
४६. चमत्कार
४७. बाखं ( भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिर्धम ( चित्तकाण्ड छगुया संक्षिप्त परिचय )
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय ( तृ. सं.)
५३. चरित्र पुच : (भाग - १)
५४. बौद्ध ध्यान : ( भाग- २)
५५. शान्तिया त्वाथ:
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना ( भाग- २)
५८. जातकमाला ( भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुच :
६०. चरित्र पुच : ( भाग- २)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना ( भाग - १)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं

Dhamma.Digital

Downloaded from http://dhamma.digital

६८. जातक माला ( भाग -२)
६९. सर्वज्ञ ( भाग-१)
७०. पालि प्रवेश ( भाग - १,२)
७२. किशा गौतमी
७३. धर्म पाठ व ध्यान
७४. तेमिय जातक
७५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके ( प्र. सं)
७६. धम्मपद ( श्लोकवद्ध भाषानुवाद
७७. बाखं ( भाग -५)
७८. सप्तरत्न धन
७९. सर्वज्ञ (भाग - २)
८०. दान
८१. वम्मिक सुत्त
८२. मध्यम मार्ग
८३. महासीहनाद सुत्त
८४. भिंम्ह काय् व म्ह्याय्
८५. भिक्षु जीवन
८६. समथं व विपश्यना संक्षिप्त भावना विधि
८७. महानारद जातक
८८. भिंम्ह मचा
८९. विवेक बुद्धी
९०. झंग लाइम्ह लाखे
९१. बुद्ध पुजा विधि ( द्वि. सं.)
९२. स्वास्थ्य लाभ
९३. शिक्षा ( भाग-१)
९४. शिक्षा ( भाग-२)
९५. दृष्टि व तृष्णा
९६. विपस्सना ध्यान
९७. सतिपट्ठान भावना
९८. बाखं ( भाग - ६)
९९. धम्मचक्कपवतन सुत्त ( प्र.सं.)
१००. गौतम बुद्ध
१०१. नेपालय् २५ दँ जिगु लुमन्ति
१०२. बुद्ध व शिक्षा (क)
१०३. शिक्षा (भाग - ३)
१०४. शिक्षा (भाग - ४)
१०५. महा स्वप्न जातक ( द्वि. सं.)
१०६. धम्मपद व्याख्या ( भाग - १)
१०७. धम्मपदया बाखं
१०८. अभिधर्म (भाग-२) (द्वि. सं.)
१०९. संसारया स्वापू
११०. धम्मपद (मुल पालि सहित नेपाल भाषय् अनुवाद (पाँ.सं.)
१११. आर्दश बौद्ध महिलापिं
११२. बौद्ध नैतिक शिक्षा ( भाग- १)
११३. वेस्सन्तर जातक
११४. निर्वाण ( रचना संग्रह)
११५. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके ( द्वि. सं.)
११६. पालिभाषावतरण ( भाग-२)
११७. दिर्घायु ज्वीमा
११८. न्हुगु त्रिरत्न वन्दना व धम्मपद
११९. मनूतय्गु पह:
१२०. संस्कृति
१२१. कर्तव्य ( द्वि. सं.)
१२२ विशेष म्ह मफैबले पाठ यायेगु परित्राण
१२३. बुद्धया करूणा व ब्रह्मदण्ड
१२४. विरकुशया बाखं
१२५. त्रिरत्न वन्दना व परित्राण
१२६. धम्मचक्कप्पवतन सुत्त (द्वि.सं.)
१२७ पट्ठानपालि
१२८. कर्म व कर्मफल
१२९. शिक्षा (भाग- ५)
१३०. धर्मया ज्ञान (भाग -२)
१३१. बौद्ध ध्यान
१३२. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३३. संक्षिप्त बुद्ध वंश (भाग- २)
१३४. अभिधर्म द्वि. सं. (भाग-२)

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट । फोन : ४३३०५४

Downloaded from http://dhamma.digital